# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक

वर्ष ४ अङ्क ४२ पूर्णाङ्क १८७ २०७७ जेठ २६ गते सोमबार Monday, 8 Jun., 2020 पृष्ठ ८ मूल्य रू. १०।-


## माओवादी क्रान्तिकारीहरूको नयाँ अन्तर्राष्ट्रिय प्रकाशन–'माओइस्ट रोड'




*सो योजनामा नेपालका तर्फबाट नेकपा (क्रान्तिकारी माओवादी) र कम्युनिस्ट न्युक्लिअस, नेपाल रहेका छन्*

कोरोना महामारीका नाममा हात बाँधेर नबस्ने जसरी हुन्छ वैचारिक काम गर्नुपर्छ भन्ने उद्देश्यका साथ माओवादी क्रान्तिकारीहरूले वैचारिक बहस छलफल तथा आन्दोलनका गतिविधिहरू गरिरहेका छन् ।

विगतमा गठित विश्वका क्रान्तिकारीहरूको अन्तर्राष्ट्रिय छाता सङ्गठन 'क्रान्तिकारी अन्तर ष्ट्रियतावादी आन्दोलन' (रिम) एक हिसाबले विघटन भइसकेको अवस्थामा परिवर्तित *बाँकी ७ पेजमा*

# सशक्त बन्दै एमसीसी विरूद्धको संघर्ष

काठमाडौं । मिलेनियम च्यालेन्ज कम्प्याक्ट (एमसीसी) सम्झौतामा उल्लेखित प्रावधानहरूले असंलग्नता, पञ्चशील एवं संयुक्त राष्ट्र संघको बडापत्रले निर्दिष्ट गरेका सिद्धान्तहरूमा आधारित रहेर नेपालले अवलम्बन गर्दै आएको स्वतन्त्र र सन्तुलित परराष्ट्र नीतिलाई समाप्त पार्ने र नेपाललाई अमेरिकी साम्राज्यवादी सैन्य गठबन्धनमा संलग्न गराई नेपाललाई अमेरिकी साम्राज्यवादको कठ्पुतली देशमा परिणत गराउने ठहर गर्दै नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, क्रान्तिकारी माओवादी सम्बद्ध जबस मोर्चा, दश दलीय कम्युनिस्ट पार्टीहरू, नागरिक समाज तथा सत्तारुढ पार्टीभित्रका देशभक्त नेता-कार्यकर्ता तथा प्रतिनिधिसभाका सदस्यहरू समेतले एमसीसी सम्झौता खारेजीको माग गर्दै आएका छन् ।

एमसीसी परियोजना संसदबाट पास गर्ने, परियोजनाको सुरक्षा तथा रेखदेखको ५ देखि १० हजारसम्म सेना नेपालमा ल्याउने र चितवन, पाल्पा, मुस्ताङमा परियोजना सम्पन्न भइसक्दा पनि परियोजना रेखदेख गर्ने नाममा सैन्य क्याम्प बनाएर आफ्नो सेना राख्ने अमेरिकी योजना रहेको भन्दै सच्चा देशभक्त शक्तिहरूले एमसीसी सम्झौताको विरोध गरिरहेका छन् ।

निरन्तर विरोध प्रदर्शनमा क्रान्तिकारी माओवादी सम्बद्ध जबस मोर्चाहरू

कोरोना भाइरस (कोभिड-१९)को महामारीका बीच




जारी लकडाउनको बेवास्ता गर्दै देशभक्त क्रान्तिकारीहरूले दिनहुँ जस्तो एमसीसी सम्झौता खारेजीका लागि सडकमा विरोध प्रदर्शन गरिरहेका छन् । क्रान्तिकारी माओवादी सम्बद्ध विद्यार्थी संगठन अखिल (क्रान्तिकारी), मजदुर संगठन अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ, युवा संगठन क्रान्तिकारी युवा लिग, नेपालले सडकमा विरोध प्रदर्शन गरिरहेका छन् ।

आइतबार मात्रै युवा संगठन क्रान्तिकारी युवा लिग, नेपालले जुलुससहित विरोध प्रदर्शन गरेको छ भने यसअघि विध्यार्थी, मजदुर संगठनले पनि माइतीघर मण्डलामै विरोध प्रदर्शन गरेका थिए । त्यसैगरी क्रान्तिकारी माओवादी सम्बद्ध जबस मोर्चाहरूले संयुक्त रूपमा पनि यसअघि दुई पटक सडक प्रदर्शन गरिसकेका छन् ।

संयुक्त रूपमा विरोध प्रदर्शन *बाँकी ४ पेजमा*

## संयुक्त राजनीतिक दलित संघर्ष समितिको आन्दोलनमा क्रान्तिकारी माओवादी सम्बद्ध जबस मोर्चाको ऐक्यबद्धता




काठमाडौं । संयुक्त राजनीतिक दलित संघर्ष समितिले पश्चिम रुकुममा जेष्ठ १० गते भएको *बाँकी ७ पेजमा*

## अमेरिकाका उत्पीडित अश्वेत जातिले चलाउँदै आएको न्यायपूर्ण आन्दोलनप्रति क्रान्तिकारी माओवादीको ऐक्यबद्धता

गत मे २५, २०२० का दिन संयुक्त राज्य अमेरिकाको मिनिएपोलिस शहरमा एकजना अश्वेत जातिका व्यक्ति जर्ज फ्लोयडको प्रहरी हिरासतमा अत्यन्त अमानवीय, क्रुर र गैरन्यायिक हत्या गरिएकोछ । यो हत्या अमेरिकामा ऐतिहासिक कालदेखि चल्दै आएको उच्च जातीय अहङ्कारवादको चरम अभिव्यक्ति हो । नेकपा (क्रान्तिकारी माओवादी)ले गोराहरूको यस्तो उच्च जातीय अहङ्कारवाद र विशेषतः यस बिभत्स हत्याको घोर विरोध तथा भर्त्सना गर्दै प्रेस-वक्तव्य जारी गरेकोछ, जसको पूर्ण पाठ तल दिइएकोछ :

प्रेस-वक्तव्य *बाँकी ७ पेजमा*

## एमसीसी खारेज गर्नैपर्ने यस्ता कारणहरू प्रस्तुत गर्‍यो दश दलीय मोर्चाले



काठमाडौं । मिलेनियम च्यालेन्ज कम्प्याक्ट खारेजीको माग गर्दै आएको दश दलीय मोर्चाले एमसीसी खारेज गर्नैपर्ने कारणहरूसहित पुनः एमसीसी संसदबाट पास नगर्न जोडदार माग गरेको छ । मोहनविक्रम सिंह, महामन्त्री, ने.क.पा. (मसाल), मोहन बैद्य (किरण), महासचिव, ने.क.पा. (क्रान्तिकारी-माओवादी), सीपी मैनाली, महासचिव, ने.क.पा. (माले), चित्रबहादुर के.सी., अध्यक्ष, राष्ट्रिय जनमोर्चा, सी.पी. गजुरेल, अध्यक्ष, देशभक्त जनगणतान्त्रिक मोर्चा, लोकनारायण सुवेदी, सहसंयोजक, नेपाल कम्युनिष्ट पार्टी, गोपाल किराती, अध्यक्ष, ने.क.पा. (माओवादी केन्द्र), सुभासराज काफ्ले, अध्यक्ष, जनसमाजवादी पार्टी नेपाल, साध्यबहादुर भण्डारी, राष्ट्रिय जनजागरण परिषद, नेपाल, केदारचन्द्र शर्मा, महासचिव, नेकपा (संयुक्त)ले संयुक्त रूपमा सोमबार जारी गरेको वक्तव्यमा एमसीसी नेपालको राष्ट्रियता, सार्वभौमिकता तथा बृहत्तर राष्ट्रिय हितका विरुद्ध भएको ठहर गर्दै त्यसलाई खारेज गर्न पुनः जोडदार माग गरेको छ ।

एमसीसी खारेज गर्नैपर्ने यस्ता छन् दश दलीय मोर्चाले प्रस्तुत गरेका कारणहरू

१. हामी तलका राजनीतिक पार्टीहरूले मिलिनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी)लाई *बाँकी ८ पेजमा*

## १०७ जना जनपक्षीय लेखक साहित्यकारहरूले संयुक्त वक्तव्य जारी गरेर भने– 'रुकुम घटना मानवताविरोधी अपराध हो, दोषीलाई हदैसम्मको कार्वाही होस्'

काठमाडौं । १०७ जना जनपक्षीय लेखक तथा साहित्यकारहरूले संयुक्त वक्तव्य जारी गर्दै रुकुम घटनाका दोषीहरूलाई हदैसम्मको कारबाही माग गरेका छन् । उनीहरूले रुकुम घटनालाई मानवताविरोधी अपराधको संज्ञा दिँदै रुकुम घटनाको निष्पक्ष छानबिन गरी त्यसका अपराधीहरूलाई विद्यमान कानुनकै मातहत पनि हदैसम्मको कार्वाही र दण्डको व्यवस्थाका लागि राज्यसँग जोडदार माग गरेका छन् । वक्तव्यमा समाजका जातीय विभेदविरोधी चेतना राख्ने सबै तह र तप्काका नागरिकहरूले एक स्वरमा यसका लागि राज्यमाथि चौतर्फी दवाव सिर्जना गर्न गर्न समेत आह्वान गरेका छन् ।



वक्तव्यमा भनिएको छ, 'यस घटनाले वर्तमान राज्यको चरित्र र उत्पीडित जाति, वर्ग र समुदायका लागि राज्यविहीनताको स्थितिलाई पनि उदाङ्गो पारेको छ भन्ने हाम्रो ठहर छ । त्यसैले आम न्यायप्रेमी जनसमुदायको सजगता र निरन्तरको दबाबका अभावमा अपराधीहरू संरक्षित रहने र उन्मुक्ति पाउने प्रबल सम्भावना भएकाले हामी देशव्यापी सजगता र प्रतिरोधी अभियान सञ्चालनका लागि *बाँकी ७ पेजमा*

## एमसीसी सम्झौता खारेजीको माग गर्दै क्रान्तिकारी माओवादी सम्बद्ध जबस मोर्चाले गरे विरोध प्रदर्शन




काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) सम्बद्ध जनवर्गीय तथा जातीय मोर्चाको संयुक्त आयोजनामा एमसीसी खारेजीको माग गर्दै विरोध प्रदर्शन गरेका छन् । राष्ट्रघाती एमसीसी खारेज *बाँकी ७ पेजमा*

# अमेरिकी सङ्कटबारे





●इन्द्रमोहन सिग्देल बसन्त●

यतिबेला संयुक्त राज्य अमेरिका चौतर्फी सङ्कटको बीचबाट गुज्रिरहेको छ । गएको १ सातादेखि त्यहाँका उत्पीडित जनता देशभरि सडकमा ओइरिएका छन् । देशभर प्रदर्शनकारी र पुलिसहरूका बीच भीडन्त जारी छ । अमेरिकाका राष्ट्रपतिको प्रशासनिक कार्यालय ह्वाइट हाउस समेत प्रदर्शनकारीहरूको घेरामा छ । यतिसम्म कि, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प सेनाको घेराभित्र रहेको ह्वाइट हाउसमा पनि असुरक्षित हुन पुगेका छन् । उनको भौतिक सुरक्षाका लागि गएको शुक्रबार रातिदेखि उनलाई ह्वाइट हाउस भित्रको बङ्करमा लगिएको छ । कतिपय शहरहरूमा विरोध प्रदर्शनहरू पुलिस फोर्सको नियन्त्रणभन्दा बाहिर गएका छन् । राष्ट्रिय सङ्कटका बेला आन्तरिक सुरक्षामा खटिने र अमेरिकी सेनाको नेतृत्वमा रहने गरी गठन गरिएको नेशनल गार्डलाई ३० वटा राज्यमा विरोध प्रदर्शन नियन्त्रण गर्नका लागि सडकमा ओरालिएको छ । देशभरीका करीव १५० वटा शहरहरूमा जनप्रतिरोध जारी छ । कर्फ्यु लगाएर विद्रोह नियन्त्रण गर्न खोजिए पनि जनताको आक्रोस मत्थर हुने देखिँदैन । यो प्रतिरोध कहाँ पुगेर टुङ्गिने हो केही भन्न सकिन्न ।

अमेरिकालाई विश्वको सबैभन्दा उत्कृष्ट प्रजातन्त्र भएको देश भन्ने गरिन्छ । तर त्यही देशमा ऐतिहासिक कालदेखि अफ्रिकी मुलका अमेरिकी *बाँकी ७ पेजमा*

## सम्पादकीय

# नागरिकको स्वास्थ्यप्रति गैरजिम्मेवार ओली सरकार

सडकदेखि संसदसम्म, समाजिक सञ्जालदेखि सञ्चारमाध्यमसम्म निरन्तर रूपमा ओली नेतृत्वको सरकारले जनताको स्वास्थ्यप्रति देखाएको गैरजिम्मेवारीपनको विरोध भइरहेको छ । राजनीतिक पार्टीहरूदेखि नागरिक समाजसम्मले सरकारको ध्यानाकर्षण गराइरहेका छन् । तर ओली नेतृत्वको सरकार, प्रदेश सरकार र स्थानीय तहले भने अझैसम्म पनि आफ्नै सुर ताल छाडेको छैन । अरबौं अरबको कमिसनको सेटिङमा बजेट ल्याएको ओली सरकारले महामारी रोकथाम र नियन्त्रणका लागि पर्याप्त बजेट विनियोजन गरेन । झण्डै तीन महिनादेखि लक डाउन जारी छ तर कोरोना संक्रमण ज्यामितीय दरमा फैलिइरहेको छ । तीन करोडभन्दा बढी जनसंख्या भएको मुलुकमा १ लाखको पनि कोरोना परीक्षण भएको छैन । आजसम्मको तथ्यांक अनुसार केवल ७७ हजारको पीसीआर परीक्षण गरिएको छ । किटको अभाव भएको भन्दै क्वारेन्टिनमा बसेका हजारौं नागरिकहरूको पीसीआर परीक्षण गरिएकै छैन । कोरोना संक्रमणबाट मृत्यु भएका १३ जना नागरिकमध्ये अधिकांशको मृत्यु भइसकेपछि र कतिपयको त दाहसंस्कार भइसकेपछि मात्र कोरोना परीक्षणको रिपोर्ट सार्वजनिक हुने गरेको छ । नागरिकहरूको अस्पतालको मुख देख्नै नपाई धमाधम क्वारेन्टिनमै मृत्यु भइरहेको छ । तर ओली सरकार यसप्रति पूरै असंवेदनशील देखिएको छ ।

१८ जेठमा बाजुरामा कोरोना संक्रमणबाट एक बालिकाको मृत्यु भएको थियो । त्यसयता सात दिनमा सुदूरपश्चिम प्रदेशका बिभिन्न क्वारेन्टिनमा रहेका अन्य ६ जनाको पनि मृत्यु भइसकेको छ । तर, बाजुराकी बालिकाबाहेक अन्य कसैमा पनि कोरोना संक्रमण पुष्टि भएको छैन । मृतकमध्ये ३ जनाको पीसीआर रिपोर्ट नेगेटिभ आएको छ भने अन्य ३ जनाको रिपोर्ट आउन बाँकी छ । उनीहरू सबै भारतका बिभिन्न क्षेत्रबाट आएर क्वारेन्टिनमा बसेका थिए ।

मापदण्ड अनुसारका व्यवस्थित क्वारेन्टिन नहुनु, क्वारेन्टिनमा बसेका विरामीहरूको उचित हेरचाह नहुनु, समयमै पीसीआर परीक्षण नहुनु, क्वारेन्टिनमा बस्नेहरूलाई बढी तनाब र त्रास हुनु, चिकित्सक र औषधी समयमै उपलब्ध नहुनु आदिका कारण पनि नागरिकहरूको मृत्यु भइरहेको छ । कतिपयले त क्वारेन्टिनकै रहेको अवस्थामा आत्महत्या समेत गर्ने गरेका छन् ।

अधिकांश संक्रमितहरूले गुनासो गर्ने गरेका छन्- आइसोलेसनमा बस्दा तातो पानी समेत खान पाइन्न भनेर । बेड, ट्वाइलेटदेखि खानेकुरा समेत प्रदुषित हुने गरेको संक्रमितहरूले गुनासो गर्ने गरेका छन् । संक्रमितहरू दैनिक करिब ३०० को दरले थपिदै गर्दा संक्रमितहरूको उपचार प्रक्रियामा पनि गम्भिर समस्या उत्पन्न भएका छन् । सरकारले कोरोनाभाइरस रोकथाम तथा नियन्त्रणका लागि झन्डै १० अर्ब रूपैयाँ खर्च गरिसकेको बताएको छ । तर १० अर्ब खर्च कहाँ भयो त भनेर नागरिकले प्रश्न गरिरहेका छन्, तर सरकारले पारदर्शी रूपमा चित्तबुझ्दो जवाफ दिन सकेको छैन ।

प्रदेश नम्बर २ का मुख्यमन्त्री लालबाबु राउतले संघीय सरकारले प्रदेश र स्थानीय तहलाई कोरोना नियन्त्रणका लागि बजेट नै नदिएको बताएका छन् । संघीय सरकारले भने प्रदेश सरकार र स्थानीय तहलाई समेत बजेट पठाएको दावी गरिरहेको छ । नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिका सदस्यसचिव एवम् प्रधानमन्त्री कार्यालयका अनुसार कोरोना रोग नियन्त्रण तथा रोकथामका लागि विभिन्न तहले गरी कुल ९ अर्ब ८७ करोड रूपैयाँ खर्च गरिसकेका छन् । जसमध्ये संघीय सरकारले ६ अर्ब ३ करोड, प्रदेश सरकारले १ अर्ब ८ करोड र स्थानीय तहले २ अर्ब ७६ करोड रूपैयाँ खर्च गरिसकेका बताएका छन् ।

सरकारले राहत र क्वारेन्टिनमै ३ अर्ब ८४ करोड सकेको विवरण सार्वजनिक गरेको छ । तर वास्तविक पीडितले न राहत पाएका छन्, न त व्यवस्थित क्वारेन्टिनहरू नै बनेका छन् । स्वास्थ्य सामग्री खरिदमा समेत भ्रष्टाचार र कमिसनको खेलमा लागेको सरकारले राहत, क्वारेन्टिन लगायत महामारी रोकथाम र नियन्त्रणका लागि भए गरिएका सबै शीर्षकमा कमिसन र भ्रष्टाचार भएको हुन सक्ने चौतर्फी रूपमा आशंका गरिएको छ ।

सरकारी गाडी र इन्धनमा मात्रै बार्षिक ४६ अर्ब खर्च गर्ने ओली सरकारले नागरिकहरू रोक भोकले मरिरहँदा करडौं खर्चेर कार्यालयको कार्पेट फेर्नेदेखि महंगा विलासी सवारी साधन खरिद गरिरहेको छ । असारे विकासमा अर्बौं रकम खर्चिने सरकार बर्षेनी भ्रष्टाचार र कमिसनको खेती गरिरहन्छ । जनता रोगले मरुन कि भोकले सरकार रतिभर पनि संवेदनशील देखिन्न । सिंगो देश एकताबद्ध भएर महामारीका विरुद्ध लड्नुपर्ने बेला ओली सरकार आफ्नै पार्टीभित्र पनि गुटगत स्वार्थ अनुसार सरकार चलाइरहेको छ । मुलुकभित्र संक्रमित र भारतलगायत विदेशबाट आउने नागरिकको संख्या बढ्दै जाँदा र सरकारी प्रयोगशालाहरूमा नमुनाको चाङ थुपारिदै जाँदा निजी अस्पतालहरूलाई समेत प्रयोग गरिरहेको छैन ।

हाल राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासहित देशभर २० स्थानमा पीसीआर विधिबाट परीक्षण भइरहेको छ । नेपालमा नौवटा प्रयोगशाला ‘क’ वर्गका, ‘ख’ वर्गका ४५, ‘ग’ वर्गका २ सय २३ र ‘घ’ वर्गका १ सय ३९ वटा छन् । मोलिक्युलर प्रयोगशाला सञ्चालन गरिरहेका ‘क’ वर्गका र केही ‘ख’ वर्गका प्रयोगशालासँग पनि पीसीआर गर्न सक्ने क्षमता छ । तर, सरकारले ती क्षमताका निजी प्रयोगशालाहरूलाई प्रयोग नगरी कोरोना परीक्षण र रिपोर्टका लागि हप्तौ कुर्नुपर्ने स्थिति निम्त्याइरहेको छ । जसले गर्दा संक्रमणको जोखिम थप चुनौतीपूर्ण बनिरहेको छ । यो सबै सरकारको नागरिक स्वास्थ्यप्रतिको गैरजिम्मेवारीपन हो । रोग र भोकबाट नागरिकको मृत्युदर बढिरहँदा सरकारलाई नागरिकप्रतिको दायित्व बोध गराउन र जिम्मेबार बनाउन फेरि पनि दबाब र खबरदारीलाई चौतर्फी रूपमा बढाउन जरुरी छ ।


परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।

www.moolbato.com


# ओली सरकारको २०७७/०७८ को बजेट वक्तब्यः रक्सी पुरानै बोतल नयाँ

*१) विषय उठानः*

दुईतिहाइ बहुमतको ओली सरकारको तेस्रो बर्षको बजेट कार्यक्रम हो - यो २०७७/०७८ को बजेट वक्तब्य । सरकारको विकास र समृद्धिको समाजवाद उन्मूख यात्रालाई तीव्रता दिने मार्गमा कोरोना महामारीको कारण धक्का लागेको अवस्था जाहेर गर्दै अर्थमंत्रीले १४ खर्व ७४ अर्व ६४ करोडको बजेट कार्यक्रम प्रस्तुत गरेका छन् । पुँजीगत खर्च ३ खर्व ५२ अर्व ९१ करोड (अर्थात विकासतर्फ २३.९ प्रतिशत) राखिएको छ भने साधारणतर्फ (चालु खर्च) ९ खर्व ४८ करोड (अर्थात ६४.४ प्रतिशत) र वित्तीय व्यवस्थातर्फ १ खर्व ७२ करोड (११.७ प्रतिशत) राखिएको छ । आम्दनीको स्रोतमध्य राजस्वबाट ८ खर्व ८९ अर्व ६२ करोड र बैदेशिक अनुदानबाट ६० अर्व ५२ करोड आउने अनुमान गरिएको छ भने ५ खर्व २४ अर्व ५० करोड न्यून हुने देखाएको छ । उक्त न्यून रकम पूर्ति गर्न बैदेशिक श्रृणबाट २ खर्व ९९ अर्ब ५० करोड जुटाउने र आन्तरिक श्रृणबाट २ खर्ब २५ अर्ब ब्यहोरिने भनिएको छ । सदाझै यो बर्ष पनि बजेट वक्तब्य माथि विविध कोणबाट कुरा उठेका छन् । सरकार पक्षकाले केही कमजोरीका बावजुद बजेट सान्दर्भिक र राम्रो आएको छ, कार्यान्वयनमा भने चुनौती छ भन्छन् । प्रतिपक्षी अर्थशास्त्रीहरूले भने यो बजेटले सरकारी पक्षलाई भ्रष्टचार गर्ने ठाउँ राखेर आएकाले लक्ष पुरा गर्न नसक्ने आरोप लगाएका छन् । बजेट कार्यक्रममा यस्तो आरोप, प्रत्यरोप हरेक बर्ष चलिरहन्छ । पञ्चायत कालदेखि चल्दै आएको छ र भोली पनि चलिरहनेछ, जवतक यो ब्यवस्था रहनेछ । तर मुख्य कुरो यो बजेटले कुन वर्ग, कुन क्षेत्र र कुन विचारको पक्षपोषण गर्दछ भन्ने हो । यही सेरोफेरोमा बजेट वक्तब्यको सामान्य चिरफार गरिने छ ।



● सीताराम तामाङ ●

सरकारका बजेट वक्तव्यहरूको निरन्तरता मात्र हो ।

*३) बजेट संरचना*

२००७ साल पछि राजा समेतको संसदीय ब्यवस्था आयो । २०१७ सालदेखि २०४६ सालसम्म राजाको हुकुमी शासन आयो । २०४७ सालदेखि २०६३ सम्म फेरी राजा समेतको संसदीय ब्यवस्था आयो (वीचमा ज्ञानेन्द्रको हुकुमी शासन आयो), २०६३ सालपछि राजा नभएको लोकतंत्र भनियो । तर राजनीतिक नेतृत्वमा हेराफेरी भए पनि सामन्ती राज्य संरचना र बाहुनवादी सोच फेरिएन । संरचना एउटै भएको प्रतिक्रियावादी राज्यसत्तामा अहिले सरकार बनाएको नेकपा (२) को बजेटको संरचनाले यही कुरो देखाउँछ । राजा ज्ञानेन्द्रको सांसद कोष, रेल र पानी जहाज, प्रधानमंत्री रोजगार कार्यक्रम, संस्कृत शिक्षा, आदि रकम दुरूपयोग हुने ठाउँहरूमा बजेट विनियोजन गरिएको छ ।

बिकास कार्यक्रम संचालन गर्न ३ खर्ब ६० अर्ब रूपैया बिदेशी सहयोग आउने आशा गरिएको छ, तर भरपर्दो छैन । कृषि बिकासको कुरो गरिएको छ तर कृषि मल कारखाना बनाउने बजेट बिनियोजन छैन । यो बजेटले गाउँ पालिकाको अध्यक्षले बाख्रा, कुख्रा, कूलो, पानी, बाटोघाटो, धारा, आदिमा खर्च गर्ने जस्तो कनिका छरेको बजेट ल्याएको छ । प्रदेश र स्थानीय तहको कार्यक्रम पनि केन्द्रले नै समेटेको देखिन्छ । यो बजेट संघीयता बिरोधी छ ।

नेपाल बिविध जाति, भाषा, संकृति भएको देश हो । अन्तरिम संविधान निर्माण कालदेखि जनजाति, दलित, महिला, पिछडिएका क्षेत्रका समुदायका लागि बजेट छुट्याइने गरिएको हो । अहिले मात्रृभाषामा शिक्षाको लागि बजेट कटौति गरेर संस्कृत शिक्षामा लगानी गरेको छ ।

*५) एम.सी.सी. बिदेशी बजेट*

अमेरिकी सहयोग एमसीसी परियोजना अन्तर्गत प्राप्त हुने ५ अर्ब ७२ करोड रूपैया बैदेशिक अनुदान बजेटमा समाबेश गरिएको छ । बजेट किताबको अनुदान तथा श्रृण सारांश अनुसूची १० मा एमसीसी बाट प्राप्त हुने उक्त रकम पारिएको छ । एमसीसी परियोजनाबाटै प्राप्त हुने भनेर राखिएको रकम समेतको बजेट पारित भएमा अमेरिकाको एमसीसी संझौताले बैधानिकता पाउने छ । नेपाल सरकारले अमेरिकासँग गरेको संझौताको अनुसूची ४ (क) मा भनिएको छ- ‘नेपाल सरकारले एमसीसीलाई चित्त बुझ्ने योजना तयार पारी पठाउनु पर्नेछ र त्यस्तो योजना इण्डियाको सरकारले समर्थन गरेको हुनु पर्नेछ ।’ ओली सरकारले यो राष्ट्रघाति संझौतालाई बैधानिकता दिलाउने निकृष्ट खेल गरेको छ ।




*२) राजनीतिक कार्यदिशा अनुरूप बजेट कार्यक्रम*

नेपालको संविधान (२०७२) ले मानेको बहुदलीय लोकतांत्रिक शासन प्रणाली, लोकतांत्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख गणतंत्रात्मक राज्य हो । यसको अर्थ बुर्जुवा समाजवादतर्फ उन्मूख ब्यवस्था हो । राज्य ब्यवस्था संचालन गर्ने आर्थिक कार्यक्रमको आवधिक योजनाहरू बनइएका हुन्छन् र त्यसको कार्यान्वयन गर्ने एकबर्षे कार्यक्रम हो बार्षिक बजेट बक्तब्य । नेपाल अर्ध-सामन्ती, अर्ध-औपनिवेशिक तथा नव औपनिवेशिक अवस्थामा रहेको मुलुक हो । यस्तो मुलुकमा दलाल तथा नोकरशाही पुँजीपति र सामन्त वर्गले पकड जमाएको हुन्छ । यो प्रतिक्रियावादी राज्य ब्यवस्था हो । सरकारको बजेट वक्तव्यले स्वभावतः उक्त वर्गको सेवा गर्दछ । नेपालको बुर्जुवा संसदीय ब्यवस्थामा तीनबर्षदेखि ने.क.पा. (२) को पार्टीको सरकार रहेको छ । प्रतिकृयावादी राज्यसत्तालाई सामान्य सुधारद्वारा टिकाई राख्ने जिम्मेवारी पाएको यो सरकारको बजेट वक्तब्यमा सोही अनुरूपको बैचारिक सोच प्रतिबिम्बित हुनु स्वभाविक छ ।

जबसम्म हामीले सामन्ती / अर्ध-सामन्ती उत्पादन सम्वन्धलाई खत्तम गर्ने र नेपालको अर्थतंत्रमाथि रहेको विदेशी प्रभुत्व र नियन्त्रनलाई हटाउन सक्ने साहसिक (क्रान्तिकारी) कार्यक्रम दिन सकिन्न तवसम्म समाजवाद उन्मुख आत्मनिर्भर राष्ट्रिय अर्थतंत्र (त्तबतभ ऋबउष्तबष्कि) निर्माण गर्ने दिशामा अघि बढ्न सकिन्न । यसका निम्ति नयाँ जनवादी क्रान्तिद्वारा जनताको जनवादी सरकारको आवश्यकता पर्दछ जसले सामन्तवाद र दलाल - नोकरशाही पुँजीवादलाई परास्त गरी सर्वहारावर्गको नेतृत्वमा नेपाली जनताले समाजवाद उन्मूख स्वाधीन अर्थतंत्रको विजारोपण गर्दछ । यस दृष्ट्रिकोणबाट हेर्दा ने.क.पा. (२) को सरकारको २०७७/०७८ को बजेट वक्तब्यले प्रगतिशील दिशा पक्रने कुरै भएन । यथास्थितिवादी बजेट हो । विगतमा राजा, नेपाली कांग्रेस, एमाले, एमाओवादी नेतृत्वका नेतृत्वमा (२०६२/६३) विकास बजेटमा विदेशी श्रृण र अनुदन ५२.० प्रतिशत, ने.का. को नेतृत्वमा (२०६४/६५) ६०.० प्रतिशत, माओवादीको नेतृत्वमा (२०६५/६६) ५३.० प्रतिशत, एमालेको नेतृत्वमा (२०६६/६७) ५९.० प्रतिशत र अहिले नेकपा (२) को नेतृत्वमा (२०७७/७८) ६९.० प्रतिशत देखिन्छ । बजेट घाटा क्रमशः २५.० अर्ब, ५०.० अर्ब, ३३.० अर्ब, ४१.० अर्ब, ६७ अर्ब र ५ खर्ब २५ अर्ब रहेको छ । त्यसरी नै साधारणतर्फ (चालु खर्च) ९ खर्ब ४८ अर्ब ९४ करोड (अर्थात ६४.४ प्रतिशत) खर्च हुने अनुमान छ भने राजश्वबाट ८ खर्ब ८९ अर्ब ६२ करोड मात्र आम्दनी हुने देखिन्छ । यसको अर्थ तलव, भत्ता र समाज कल्याणमा समेत विदेशी श्रृण सहयोग हाल्नु परेको छ । यो बर्षको कूल बजेट विनिमयको २४.० प्रतिशत मात्र बिकास निर्माणमा खर्च हुनेछ (यो रकम एम.सी.सी. को अनुदानबाट पुरा गर्ने कार्यक्रम आएको छ) । एमसीसीको अनुदान रोकियो भने विकास निर्माणको नयाँ कार्यक्रम अघि बढाउन सकिने छैन ।

*४) बिकास बजेट कहाँ खर्च हुन्छ ?*

कोरोना भाईरसको विश्वव्यापी असर परेको छ र तत्काल यसको निदानको आँकलन गरिएको छैन । विश्वका प्रायः सबै देशहरूले राहत कार्यक्रमका लागि धेरै धेरै बजेट छुट्याएका छन् । अमेरीकाले २ ट्रिलियन अमेरीकी डलर, युरोपियन मुलुकका लागि युरोपको केन्द्रीय बैंकले ८१८ बिलियन अमेरीकी डलर, भारतले २ खर्ब भारतीय रूपैया र दक्षिण कोरियाले २०० बिलियन अमेरीकी डलरको राहत कार्यक्रम ल्याएका छन् । पाकिस्तानले पनि ठूलो रकम राहतका निम्ति छुट्याएको छ । तर नेपाल सरकारले स्वास्थ्यमा ११.६४ प्रतिशत मात्र छुट्याएको छ , जसले कोरोना लामो समय लिने महामारी नभएको जस्तो देखाएको छ । यो महामारीमा प्राईबेट अस्पतालहरूको भूमिका नरहेकोले सरकारी अस्पताल र सेवाहरूको प्रभावकारी भूमिकाको लागि बिशेष योजना नआएको देखिन्छ ।

*६) भूमि बैंकः नवउदारवादी कार्यक्रम*

नेपाली जनताले माग गर्दै आएको कुरो भनेको क्रान्तिकारी भूमि सुधार र खाद्य संप्रूभुता हो तर साना किसान र मझौला फार्मरलाई बिस्थापित गरी ‘कर्पोरेट फर्मिङ’ लाई गर्ने हिसाबले भूमि बैंक अवधारणा आएको छ । यो नवउदारबादी कार्यक्रम अर्न्तगतको किसानमारा निति हो ।

७) परम्परावादी र पराधिनता बढाउने बजेट

क) नेपालमा सामन्ती प्रकारको कृषि-भूमि उत्पादन सम्बन्धलाई भत्काउने र क्रान्तिकारी भूमि सुधार राजकीय पुँजीवादको बिकास गर्नु पर्नेमा भूमि बैंकको कार्यक्रम मार्फत कर्पोरेट फार्मिङ लागु गर्ने नीति ल्याएको छ ।

ख) नेपालको उद्योगधन्दा र ब्यापारको बिकासमा मुख्यबाधक रहेको बिदेशी एकाधिकार पुँजीको हस्तक्षेप रोकी आफ्नो अर्थतंत्रलाई राष्ट्रिय पुँजीवादको बिकास आत्मनिर्भर बनाउनु पर्नेमा बिकासतर्फको (चालु खर्च) बजेट पुरै एमसीसीको अनुदानमा भरपर्नुले पराधिनतालाई बढावा दिएको देखिन्छ ।

ग) कोरोना महामारीले स्वास्थ्य र रोजगारीको क्षेत्रमा पार्ने असरको मूल्याङ्कन गरी बिशेष प्याकेज कार्यक्रम ल्याउनु पर्नेमा त्यसो नगरी साधारण कार्यक्रमले नै काम चलाएको छ ।

घ) प्राइभेट स्कुललाई सरकारी करण गर्नु पर्नेमा उल्टै बजेटमा प्रइबेट विद्यालयलाई समुदायक विद्यालयको ब्यवस्थापनको जिम्मा दिने उल्लेख हुनु र मृत संस्कृत भाषालाइ एक कक्षा देखि लागु गर्ने निति ल्याउनु गरिब र आदिबासी , जनजाति , दलित , मुसल्मान , मद्येशी जनतालाई शिक्षा र रोजगारीबाट पाखा लगाउनु हो ।

ङ) सदाझैं कनिका छर्ने किसिमको बजेटले सत्तारुढ दलको कार्यकर्तालाई पोष्ने काम गर्ने छ । उक्त कारणले ओली सरकारको २०७७/०७८ को बजेट वक्तब्य परम्परावादी छ, परामुखापेक्षी छ र लगानी न्यून हुने भएकाले आर्थिक बृद्धि दर धेरै तल झर्नेछ , धनी र गरीब बीचको खाडल अरु बढ्ने छ ।



# एमसीसी सम्झौता खारेज गराउनै पर्छ, नेपालमा अब भारतीय विस्तारवादको दादागिरी चल्दैन

❑ **मोहन वैद्य 'किरण'**
**महासचिव- नेकपा (क्रान्तिकारी माओवादी)**

***सरकारले हालै ल्याएको नीति तथा कार्यक्रम र बजेटलाई नेकपा (क्रान्तिकारी माओवादी)ले कसरी लिएको छ ?***

सर्वप्रथमतः यो बजेट यस अघिका बजेटहरूकै निरन्तरतामा आएको बजेट हो । कतिपय विषयहरूमा ध्यान दिन खोजिएजस्तो देखिए पनि समग्रमा हेर्दा यो बजेटलाई ठिक मान्न सकिन्न । यो बजेटमा सार्वजनिक, निजी, सहकारी, सामुदायिक, साझेदारी भनिएको छ । त्यसले मिश्रित अर्थतन्त्र भन्ने बुझाउँछ । तर वास्तवमा यो मिश्रित अर्थतन्त्रमा आधारित नभएर नवउदारवादी अर्थतन्त्रद्वारा निर्देशित र पथप्रदर्शित बजेट हो ।

गफमा त कृषि क्षेत्रलाई विशेष महत्व दिने भनियो तर आवश्यक बजेट विनियोजन गरिएन । यो वा त्यो नाममा फेरि पनि निजी क्षेत्रलाई नै प्रोत्साहित गरिएको छ । शिक्षा र स्वास्थ्य क्षेत्रलाई बजारको जिम्मा लगाइएको छ । विचित्र त के छ भने सामुदायिक विद्यालयलाई निजी विद्यालयको जिम्मा लगाउने विषय शिक्षा मन्त्रीले समेत आफूलाई थाहा नदिइएको र उक्त विषयमा असहमति रहेको वक्तव्य नै जारी गरेका छन् । शिक्षा मन्त्रीलाई थाहै नदिइकन चोर दुलोबाट बजेटमा यस्ता विषय घुसाउनु भनेको अनैतिकता हो ।

नीति तथा कार्यक्रम र बजेटमा सरकारले विवादित एमसीसी पनि चोर दुलोबाट घुसाएको छ । सत्तारुढ नेकपाभित्रै समेत बहस र विवाद उठिरहेको र हाम्रो पार्टी लगायत दश दलीय मोर्चा, नागरिक समाज समेतले विरोध गरिरहेको बेला यसरी नीति तथा कार्यक्रम र बजेटमा एमसीसीका कार्यक्रम समावेश गर्नु भनेको सरकारमा अमेरिकी साम्राज्यवाद परस्त चिन्तन र प्रवृत्ति हावी रहेको पुष्टि हुन्छ ।

समग्रमा भन्ने हो भने बजेट अहिलेको परिस्थितिलाई धान्न सक्ने गरी आएको छैन । सत्तारुढ पार्टी र सरकारको भनाइजस्तो समृद्ध नेपाल, सुखी नेपालीको नारालाई सार्थक तुल्याउने यो समाजवाद उन्मुख बजेट होइन यो त नवउदारवादी बजेट हो । यो उनीहरूले भन्दै आएको जस्तो लक्ष्य सिद्ध गर्ने बजेट पनि छैन ।

***एमसीसीको खास विरोध गर्नुको कारण चाहिं के हो ? संसदबाट पास भयो भने नेपालमा यसको के कस्तो प्रभाव पर्छ ?***

एमसीसी अमेरिकाको इण्डोप्यासिफिक रणनीति अन्तरगतको कार्यक्रम हो । त्यो कुरालाई स्वयं अमेरिकाका विभिन्न सुरक्षा निकाय, मन्त्री तथा काठमाडौं स्थित अमेरिकी दुतावासले पनि सार्वजनिक रूपमा नै स्वीकार गरिसकेका छन् । त्यो अवस्थामा उक्त एमसीसी इण्डोप्यासिफिक रणनीतिअन्तर्गतको कार्यक्रम होइन भन्ने नेपाल सरकारको दावी निराधार र हास्यास्पद छ । एमसीसीको उद्देश्य हिन्द प्रशान्त क्षेत्रका सबै देशहरूलाई आफ्नो सैन्य रणनीतिका पक्षमा लैजाने र चीनका विरुद्धको मोर्चाबन्दीमा ती सबै देशहरूलाई सामेल गर्ने हो । तसर्थ एमसीसी पारित भएमा त्यसबाट नेपालको राष्ट्रियता र सार्वभौमिकतामा आँच पुग्नुका साथै नेपालको असंलग्न परराष्ट्र नीति समाप्त हुनेछ र हाम्रो देश अमेरिकाको सैन्य रणनीतिको अङ्ग बन्न पुग्ने छ । र, नेपाल अमेरिकाको सैन्य अखडामा बदलिने छ । त्यसैले हामीले एमसीसीको कडा विरोध गर्दै त्यसलाई खारेज गर्नका लागि संघर्ष गर्दै आएका छौं ।

हाम्रो पार्टी लगायत दश दलीय मोर्चा, नागरिक समाज, सत्तारुढ नेकपाभित्र र अन्य दलभित्र पनि विरोध भइरहेको अवस्थामा र यो समग्र राष्ट्रको हितको विरुद्धमा छ भन्ने जान्दा जान्दै सांसदहरूले एमसीसीको पक्षमा मतदान नगर्लान् भन्ने आशा गरौं । यति ठूलो विरोधका बाबजुद पनि एमसीसी सदनबाट पास भए नेपाल अमेरिकी साम्राज्यवादको कठ् पुतली देशको रूपमा परिणत हुने निश्चित छ । आजसम्म नेपालले अपनाउँदै आएको असंलग्नता र पञ्चशीलमा आधारित विदेश नीति समाप्त भएर गई कुटनीतिक सन्तुलन पूरै बिग्रन पुग्नेछ र एउटा स्वतन्त्र राष्ट्रको हैसियतमा आत्मनिर्भर तथा स्वाधीन अर्थतन्त्रको विकास गर्ने स्थितिमा गम्भिर संकट उत्पन्न भई देशको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको रक्षामा गम्भीर आँच आउने छ । तसर्थ, पहिलो कुरा कुनै पनि हालतमा पास गर्न दिनु हुन्न, यदि पास गरिए पनि सशक्त संघर्ष मार्फत् उक्त राष्ट्रघाती सम्झौता खारेज गराउने दिशामा अगाडि बढ्नु पर्दछ ।

***यस्तो अवस्थामा प्रतिनिधिसभाका सांसद सदस्यहरुलाई के आव्हान गर्नुहुन्छ ?***

यो अवस्थामा संसदमा रहेका सबै प्रतिनिधिसभाका सदस्यहरू र संसदमा प्रतिनिधित्व गर्ने दललाई राष्ट्रिय स्वाधीनतामा गम्भिर संकट उत्पन्न हुने यो सम्झौतालाई संसदबाट अनुमोदन नगर्न म विशेष आव्हान गर्दछु । यस्तो राष्ट्रघाती सन्धिको पक्षमा मतदान गरेर उनीहरूले मुलुक र जनतामाथि घात नगर्लान् भन्ने लाग्छ ।

***राष्ट्रिय स्वाधीनताको आन्दोलनमा सडकको नेतृत्व गर्दै आएको पार्टीको महासचिवको हैसियतमा लिम्पियाधुरासहितको नक्सा जारी भएको सन्दर्भलाई चाहिं कसरी लिनु भएको छ ?***

सुगौली सन्धिले महाकालीभन्दा पूर्वको भूमि नेपालको हो भनेर स्पष्ट रूपमा उल्लेख गरेको छ । २०१८ सालमा गरिएको जनगणना, ०१५ सालको चुनावमा भोट हालेको, नेपाल सरकारलाई तिरो तिरेको रसिद लगायतका प्रमाणहरूले पनि उक्त क्षेत्र नेपालको हो भन्ने प्रमाणित गर्दछ । तर भारतीयहरूले भने लिम्पियाधुरा कुटियाङ्दी हुँदै आएको नदीलाई काली नदी नभनेर लिपुलेकदेखि तल कालापानीको छेउको सानो खोल्सोलाई 'काली नदी' भनेर भ्रामक प्रचार र दावी गरिरहेका छन् । भारतीयहरूको दावी सीमा तथा नक्सा सम्बन्धी अन्तर्राष्ट्रिय मान्यता र मापदण्डविपरीत छ । यो खोल्सोले सीमा तथा नक्सासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्दैन । विगतका सरकारले गल्ती गर्दा कालापानीमा भारतले अड्डा जमाउन सफल भयो । चीनसँगको युद्धमा ती क्षेत्रमा भारतीय पोष्ट राख्न दिएर गुन लगाएको नेपाललाई उल्टै नेपाली भूमि आफ्नो नक्सामा गाभेर भारतले बैगुनी काम गऱ्यो । यो भारतको हददर्जाको अनैतिकता हो । राष्ट्रिय स्वाधीनताको विषयमा ठूलो सानो देश भन्ने हुँदैन । सबै देशको हैसियत बराबर हुन्छ ।

खुशीको कुरा- ढिलै भए पनि सरकारले लिम्पियाधुरासहितको नयाँ नक्सा जारी गऱ्यो र निशान छापमा भएको नक्सा परिवर्तनको लागि संसदमा संविधान संशोधनको विधेयक अगाडि बढाएको छ । यसलाई हामीले सकारात्मक रूपमा ग्रहण गर्नुपर्दछ । राष्ट्रिय स्वाधीनताको मुद्दामा देश एक ढिक्का छ । हामीले जसरी पनि अतिक्रमित भूमि फिर्ता लिनु पर्दछ । कालापानीबाट भारतीय सेनाको पोष्ट हटाउनु पर्दछ । देशैभर सीमामा नेपाली सुरक्षा पोष्टहरू खडा गर्नुपर्दछ । नेपालको सार्वभौमिकतालाई सुरक्षित गर्दै जानु पर्दछ ।

**भारतीय विस्तारवादलेयुरोपियन देशहरूबाट सिक्नु पर्दछ। त्यहाँ खुल्ला सीमाना छ । तर त्यहाँ कुनैपनि देशले सीमा मिच्दैनन् । उनीहरू एकले अर्काको भूमिको, सार्वभौमिकताको सम्मान गर्छन् । युरोपको यो संस्कार र संस्कृति भारतले सिक्न जरुरी छ**

***भारतले वार्तामार्फत् सीमा विवाद सुल्झाउन बेवास्ता गरिरहेको अवस्थामा अतिक्रमित भूमि फिर्ता गराउन सरकारले के के गर्न जरूरी छ ?***

अतिक्रमित भूमि फिर्ता गराउन कुटनीतिक वार्ता भनेर मात्र हुँदैन । सरकारले कुटनीतिक पहल गर्नु ठिकै छ । तर त्यसमा मात्रै सीमित हुनुहुँदैन ।

पहिलो पहल नेपालको सशस्त्र पोष्ट सीमामा तैनाथ गरिनु पर्दछ । मुख्यतः अतिक्रमित भएको भूमि कालापानी क्षेत्रमै सुरक्षा पोष्ट राखिनु पर्दछ । दीर्घकालीन दृष्टिकोणले सीमामा तारबार लगाउने कार्य पनि गर्नु पर्दछ । सीमामा प्रत्येक दिन, प्रत्येक घण्टा जंगे पिल्लर फालिने, जग्गा कब्जा गर्ने जस्ता घटना भइरहेका छन् । पछिल्ला दिनमा इलाम, पाँचथर, पर्सा, कंचनपुर लगायतका स्थानमा अतिक्रमणका घटना सार्वजनिक भएका छन् । यसरी छिमेकीले साँध मिच्नेजस्तो व्यवहार भारतीय विस्तारवादले गर्दै आएको छ ।

भारतीय विस्तारवादले युरोपियन देशहरूबाट सिक्नु पर्दछ । त्यहाँ खुल्ला सीमाना छ । तर त्यहाँ कुनैपनि देशले सीमा मिच्दैनन् । उनीहरू एकले अर्काको भूमिको, सार्वभौमिकताको सम्मान गर्छन् । युरोपको यो संस्कार र संस्कृति भारतले सिक्न जरुरी छ । छिमेकीहरूमाथि विश्वास गर्न सक्नुपर्छ ।

भारतीय विस्तारवादी शासकहरूले आफ्ना सम्पूर्ण छिमेकीलाई सताउँदै आएका छन् । नेपाल लगायत पाकिस्तान, बंगलादेश, श्रीलंका, भूटान लगायतका अधिकांश देशमा भारतले आफ्नो विस्तारवादी चरित्र प्रदर्शन गरिरहेको छ । भारतीय शासक वर्गको यो विस्तारवादी चरित्र अब धेरै टिक्नेवाला छैन । भारतका जनता, त्यहाँको प्रगतिशील तप्काले भारतले अतिक्रमण गरेको भूमि नेपालकै हो भनिरहेका छन् । त्यहाँ विस्तारवादी शासकहरू मात्र होइन, जनता पनि छन् । भारत कुटनीतिक तथा राजनीतिक वार्ताद्वारा अतिक्रमित नेपाली भूमि फिर्ता गराउन तयार हुँदैन भने यो मुद्दालाई पूर्ण तयारीका साथ अन्तर्राष्ट्रियकरण गरिन जरुरी छ । सरकारले हात बाँधेर बस्नु हुँदैन ।

***अतिक्रमित भूमि नेपाललाई फिर्ता गराउने सन्दर्भमा चीनको भूमिका के हुन सक्छ ?***

चीनले लिपुलेक सम्झौतामा गल्ती गरेकै हो । त्यो गल्ती उसले सच्याउनु पर्दछ । चीनले त्यो गल्ती सच्याउने लक्षण पनि देखाइसकेको छ । तर त्यसका लागि नेपाल सरकारले जुन पहल गर्नुपर्ने हो, त्यो भइरहेको छैन । यस विषयमा नेपाल सरकारले चीनसँग स्पष्ट रूपमा ठोस पहल अगाडि बढाउन जरुरी छ ।

***भारतसँग गरिएका सबै असमान सन्धि सम्झौता खारेजीको विषय पनि यसैबेला उठाउनु पर्दछ भन्ने आवाज पनि उठेको छ नि ?***

हो, यो विषय पनि उठाउनै पर्दछ । नेपाल र भारतका प्रबुद्ध समूहले अध्ययन गरेर तयार पारेको इपिजीको प्रतिवेदन आजसम्म सार्वजनिक भएको छैन । त्यसमा के कस्ता विषयहरू समेटिएका छन् भन्ने विषय जानकारी छैन । भारतीय प्रधानमन्त्रीले यो प्रतिवेदन नै बुझ्न नमानेको समाचारहरू आइरहेका छन् । यो त भारतको दादागिरी नै भयो । अब भारतको यस्तो दादागिरी चल्दैन । भारतसँग गरिएका सबै असमान सन्धि सम्झौताहरू खारेज गरिनै पर्दछ । अहिले सत्तारुढ हुन पुगेका धेरै नेताहरूले पनि हिजो यही मुद्दा उठाएर सडकमा संघर्ष गरेकै हुन् । सडकमा छँदा यही मुद्दा उठाएर राजनीति गर्ने, सरकारमा गएपछि त्यही विस्तारवादी शासकहरूको चाकडी गर्ने कुरा गलत छ । त्यो प्रवृत्तिको सशक्त विरोध गर्नुपर्छ ।

***यतिखेर कोरोना भाइरसको महामारीले नेपाली जनजीवन संकटग्रस्त र अस्तव्यस्त बनिरहेको छ । कोरोना रोकथाम र नियन्त्रणका लागि सरकारले गरिरहेको कार्यलाई कसरी हेर्नु भएको छ ?***

कोरोना भाइरसको महामारी रोकथाम तथा नियन्त्रणका विषयको सरकारको तयारी पुगेन । किट लगायत स्वास्थ्य सामग्रीको अभाव छ । संक्रमण राज्यको नियन्त्रणभन्दा बाहिर पुगेको छ । दिनदिनै संक्रमितहरू ठूलो मात्रामा थपिएका छन् । मृत्युदर पनि बढिरहेको छ । राहत र उद्दारका कुरामा पनि सरकारी उदासिनता कायमै छ । स्वास्थ्य क्षेत्रमा विनियोजित बजेट पनि अभाव छ । बजेट वृद्धि गर्न जरुरी छ ।

यो महामारीको सम्बन्ध पर्यावरणसँग छ । पर्यावरणबाट विभिन्न भाइरसहरू आइरहेका हुन्छन् । हरित ग्याँस उत्सर्जनको समस्या समाधान गर्ने र पर्यावरणको संरक्षणको विषयमा पनि सरकारले ध्यान दिन जरुरी छ । यो महामारी बढी विकसित देशमा उत्पन्न हुने गरेको छ । ती देशहरूमा पर्यावरण ध्वस्त भएर गइराखेको छ । त्यसैले हाम्रो जस्तो देशमा पनि विकास निर्माणको नाममा वातावरण विनाश तीव्र रूपमा हुँदै गइरहेको छ । यसलाई रोक्न र पर्यावरणको संरक्षणमा पनि राज्यको गम्भिर ध्यान जान जरुरी छ ।

***यो महामारी नियन्त्रणका लागि सर्वपक्षीय उच्च स्तरीय संयन्त्रको खाँचो रहेको विषयमा पनि क्रान्तिकारी माओवादीले आवाज उठाउँदै आएको छ । यस विषयमा अझ प्रष्ट पारिदिनुस न ।***

कोरोना भाइरसको महामारी नियन्त्रण र रोकथामका लागि सरकारी प्रयास अपुग र असफल भइरहेको सन्दर्भमा यससँग सम्बन्धित क्षेत्रका विज्ञहरू, नागरिक समाज, मानवअधिकारवादी लगायतका पक्षहरूलाई समेतलाई समेटी उच्चस्तरीय संयन्त्र निर्माण गर्न जरुरी रहेको कुरा हामीले उठाएका हौं । उद्दारको विषयमा केही पहल भएको भए पनि राहतको विषयमा सरकार पूरै उदासिन बनेको छ । राहत प्याकेज घोषणा गर्ने भने पनि सरकारले ठोस रूपमा त्यो घोषणा गरेन र थोरै मात्रामा गरिएको राहत वितरण पनि वास्तविक पीडित वर्गमा नपुगेको गुनासो आइरहेको छ । महामारीका कारण बेरोजगारीको समस्या निकै नै गम्भिर बनेको छ । देशभित्र र विदेशबाट फर्किएका नागरिकहरूसमेत गर्दा ठूलो संख्यामा बेरोजगारहरूको उपस्थिति बढ्ने देखिन्छ । तर बेरोजगार समस्या व्यवस्थापनमा सरकारले कुनै ध्यान दिएको छैन र कुनै तयारी गरेको पनि देखिन्न । सरकारले पीडितलाई खानपुग्ने गरी राहत र बेरोजगारहरूलाई रोजगारीको व्यवस्था गर्ने, नभए बेरोजगार भत्ताको व्यवस्था गर्नुपर्दछ । क्वारेन्टाइनहरूलाई व्यवस्थित बनाउने र पीसीआर परीक्षणको दायरालाई पनि बढाउन जरुरी छ ।

# रुकुम घटनाले गणतन्त्रको धज्जी उडाएको छ, संविधान र कानुनको ठाडो उलंघन गरेको छ : केशबहादुर परियार




## पश्चिम रूकुम चौरजहारी नरसंहारको विरोध तथा खवरदारी कार्यक्रम

पोखरा । जेठ २१ गते जातीय छुवाछुतमुक्त राष्ट्र घोषणा दिवसको सन्दर्भ र पश्चिम रुकुममा गत जेष्ठ १० गते भएको नरसंहारकारी घटनामा मृत्युवरण गर्ने ६ जना होनहार युवाहरूको श्रद्धाञ्जली तथा खबरदारी सभा पोखराको लखनचोकमा सम्पन्न भएको छ ।

कास्की जिल्लामा सक्रिय राजनीतिक दलित संघ र संगठन र सस्थाहरूको संयुक्त आन्दोलन संयोजन समिति कास्कीको आयोजनामा भएको उक्त सभाका प्रमुख अतिथि नेपाल दलित मुक्ति मोर्चाका केन्द्रिय इन्चार्ज, दलित आन्दोलनका अग्रज नेता केश बहादुर परियारले सभालाई सम्बोधन गर्दै भन्नु भयो, 'नेपाली जनताको लामो संघर्षपछि मुलुकमा संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना भएता पनि पुरानै ब्रम्हाणवादी सोच र चिन्तनद्वारा निर्देशित तथा हिन्दु उच्च जातीय अहंकारवादमा आधारित सामन्ती ब्रम्हाणवादी राज्यसत्ताले वर्गीय, जातीय, लिंगीय र सांस्कृतिक शोषण उत्पीडन तथा अत्याचार अहिले पनि गर्दै आइरहेको छ। त्यसैको ज्वलन्त उदाहरण रुकुम पश्चिमको बर्बरतापूर्ण हत्याकाण्ड हो ।'

उहाँले अगाडि भन्नुभयो, 'संवैधानिक रूपमा बर्जित भईसकेको जातीय विभेदजन्य सामाजिक अपराधलाई प्रश्रय दिदै आजको सभ्य एवं उन्नत समाजमा एउटा केटा र केटीबीच एक आपसमा लामो समयदेखि प्रेम सम्बन्ध कायम गरी विवाह गर्ने सहमति अनुसार अन्तरजातीय प्रेम विवाह गर्न खोज्दा दलित भएकै कारणले ज्यानै गुमाउनु पर्ने जुन बर्बरतापूर्ण सामुहिक हत्याकाण्ड गरियो त्यो अत्यन्तै निन्दनीय छ। यो घटनाले गणतन्त्रको धज्जी उठायको छ, संविधान र कानुनको ठाडो उल्लंगन गरेको छ, अन्तरास्ट्रिय मानव अधिकारलाई चुनौती दिएको छ भने समृद्ध नेपाल र सुखी नेपालीको नारालाई खिल्ली उडाईदिएको छ। '

जबसम्म समाजमा यस्ता खाले वर्गीय, जातीय, लिंगीय र सांस्कृतिक शोषण उत्पीडन तथा अत्याचारहरू रही रहन्छन न तबसम्म देशमा न विकास सम्भव छ न त जनतामा सुख र शान्ति सम्भव छ भन्ने उहाँको तर्क थियो ।

हजारौ वर्षादेखि समाजमा बिधमान जातीय विभेद र छुवाछुतको पूर्णरूपमा अन्त्य गरौ, समता मुलक समाज निर्माण गरौ, मान्छे मान्छे बिचको विभेद अन्त्य गरौ अनि मात्र यो छुवाछुतमुक्त राष्ट्र दिवस मनाउनुको अर्थ रहने छ भन्दै उहाँले भन्नुभयो, 'आन्दोलन सकिएको छैन मित्रहरू, सामाजिक सांस्कृतिक रूपान्तरणको आन्दोलनलाई सशक्त बनाउन जरुरी छ, त्यसको निमित्त एकजुट भई संघर्षमा जानुको विकल्प छैन ।'

पश्चिम रुकुमका दलित युवाहरूमाथि भएको सामुहिक नरसंहारकारी हत्याकाण्डको विरुद्ध र सम्पुर्ण उत्पीडित दलित जाति र समुदायको मुक्तिको पक्षमा हुने आन्दोलनमा सम्पूर्ण न्यायप्रेमी देशभक्त जनसमुदायलाई ऐक्यबद्धताको लागि आब्हान गर्दै ती सांस्कृतिक रूपान्तरनका शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण समेत गरिएको थियो । कार्यक्रममा नेता परियार लगायतले पीडितलाई न्याय, उचित क्षतिपुर्ति र शान्ति सुरक्षाको व्यवस्था गर्न, उक्त घटनाको सहि सत्य छानबिनका लागि उच्चस्तरीय सर्बदलीय संसदीय समिति गठन गर्न र सत्य तथ्य बाहिर ल्याई घटनामा संलग्न अपराधीहरूलाई हदैसम्मको कारबाही गर्न माग गरेका छन् ।

कास्की जिल्लामा सक्रिय राजनीतिक दलित संघ र संगठन र सस्थाहरूको संयुक्त आन्दोलन संयोजन समिति कास्कीले रुकुम घटना लगायत देशैभरि घटेका जातीय विभेद र छुवाछुतसँग सम्बन्धित ६ वटा मागसहितको ज्ञापन पत्र प्रमुख जिल्ला अधिकारी मार्फत् प्रधानमन्त्रीलाई बुझाइएको छ ।

संयोजन समितिका संयोजक दुर्गा बहादुर सुनारको अध्यक्षतामा सम्पन्न उक्त सभामा दलित मुक्ति मोर्चाका गण्डकी प्रदेश संयोजक भिम बिश्वकर्मा लगायत कास्की जिल्लाका नेताहरूले बोल्नु भएको थियो ।

# रोकिराखेको ट्रकमा ठोक्किदा १२ को मृत्यु



नेपालगंज । भारतबाट घर फर्केका नागरिकलाई लिएर नेपालगञ्जदेखि सल्यान जाँदै गरेको बस र ट्रक आपसमा ठोक्किदा बसमा सवार ११ जना नागरिकको घटनास्थलमै र एक जनाको उपचारको क्रममा मृत्यु भएको छ। बाँकेको राप्तीसोनारी गाउँपालिकास्थित पूर्व पश्चिम राजमार्गमा गए राति भएको उक्त सडक दुर्घटना भएको हो । भारतबाट आएका नागरिक लिएर सल्यानतर्फ जाँदै गरेको ना ५ ख ५९९५ नम्बरको हायस गाडी रोकिराखेको बा ४ ख ९०६४ नम्बरको ट्रकमा गए राति करिब १२ बजे ठोक्किएर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

प्रहरी कार्यालयका अनुसार ११ जनाको घटनास्थलमै मृत्यु भएको थियो भने एकजनाको भेरी अस्पताल नेपालगञ्जमा उपचारका क्रममा मृत्यु भएको हो । राप्तीसोनारी गाउँपालिका-२ ठुरिया जङ्गलमा भएको दुर्घटनामा बसमा सवार अन्य २१ यात्रु घाइते भएका छन् । घाइतेहरूको भेरी अस्पतालमा उपचार भइरहेको छ। मृत्यु भएका १२ जनाकै शव भेरी अस्पतालमा राखिएको छ । मृत्यु हुनेहरूमा ११ पुरुष र एक महिला रहेका छन् । उनीहरूको सनाखतको काम भइरहेको छ ।

## सशक्त...

गर्नेमा पार्टी सम्बद्ध विध्यार्थी, मजदुर, युवा, पत्रकार, महिला, आदिवासी जनजाति महासंघ, किसान, दलित, शिक्षक, बुद्धिजीवी, प्राध्यापक, लेखक तथा साहित्यकारसँग सम्बन्धित संघ संगठनहरू रहेका छन् ।

*३० गते सशक्त विरोध प्रदर्शनको तयारीमा देजमो*

क्रान्तिकारी माओवादी सम्बद्ध देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले जेठ ३० गते एमसीसीको खारेजीको माग गर्दै सशक्त रूपमा विरोध प्रदर्शनको तयारी गरेको छ । मोर्चाका केन्द्रीय अध्यक्ष तथा क्रान्तिकारी माओवादीका बरिष्ठ स्थायी समिति सदस्य सीपी गजुरेलको नेतृत्वमा हुने विरोध प्रदर्शनमा ठूलो संख्यामा जनपरिचालनको तयारी भइरहेको मोर्चा सम्बद्ध स्रोतले जनाएको छ । मोर्चाले एमसीसीका विरुद्ध देशव्यापी रूपमा संघर्ष संगठित गर्ने तयारी गरिरहेको छ ।

*सडक संघर्षमामा उत्रने तयारी गर्दै दशदलीय मोर्चा*

सीमा अतिक्रमण र एमसीसीको खारेजीको लागि निरन्तर रूपमा आन्दोलित हुँदै आएको नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (मसाल), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, नेकपा (माले), राष्ट्रिय जनमोर्चा, नेकपा (माओवादी केन्द्र), नेपाल कम्युनिस्ट पार्टी, नेकपा (संयुक्त) लगायत सम्मिलित दश दलीय मोर्चा एमसीसी खारेजीका लागि महामारीका कारण जारी लक डाउनको बेवास्ता गर्दै सडक संघर्षमा उत्रने भएको छ । दश दलीय मोर्चाको घटक संगठन देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको जेठ ३० गतेको विरोध प्रदर्शन लगतै बसेर दश दलीय मोर्चाले संघर्षलाई सशक्त रूपमा अगाडि बढाउने तयारी गरिरहेको क्रान्तिकारी माओवादी सम्बद्ध स्रोतले बताएको छ ।

एकल र संयुक्त रूपमा निरन्तर रूपमा राष्ट्रिय स्वाधीनताको आन्दोलन गर्दै आएका यी राजनीतिक पार्टीहरूले कोरोना भाइरसको महामारीका कारण आन्दोलनका कार्यक्रमलाई स्थगित गरेका थिए । ओली नेतृत्वको सरकारले जारी संसद अधिवेशनकै बीचमा राष्ट्रघाती एमसीसी पास गर्ने षड्यन्त्र गरेपछि देशभक्त क्रान्तिकारीहरू एमसीसी खारेजीका लागि सशक्त रूपमा सडक संघर्ष चर्काउने तयारीमा जुटेका छन् ।

*विप्लव नेतृत्वको नेकपा पनि आन्दोलित*

प्रतिबन्धित नेपाल कम्युनिस्ट पार्टीले पनि एमसीसी खारेजीका लागि आन्दोलनका कार्यक्रम घोषणा गरेको छ । उसले आफ्नो पार्टी सम्बद्ध जबस मोर्चालाई एमसीसी खारेजीको संघर्षमा परिचालन गरेको छ । मसाल जुलुसदेखि एमसीसी पास गर्ने सांसदहरूलाई कारबाही गर्ने सम्मका कार्यक्रम उसले सार्वजनिक गरेको छ ।

सत्तारुढ नेकपाका पनि अधिकांश नेता कार्यकर्ता एमसीसीको विरुद्धमा

सत्तारुढ डबल नेकपाको सचिवालय, स्थायी कमिटि र केन्द्रीय समितिका अधिकांश नेता कार्यकर्ताहरूले एमसीसी सम्झौतालाई हुबहुँ पास गरिए गम्भिर राष्ट्रघात हुने भन्दै विरोध गर्दै आएका छन् । पार्टीका बरिष्ठ नेता झलनाथ खनाल, भिम रावल, देव गुरुङ, लिलामणि पोखरेल लगायत नेताहरूले खुलेरै एमसीसी सम्झौताको विरोध गर्दै आएका छन् । खनाल नेतृत्वको एमसीसी अध्ययन कार्यदलले समेत हुबहु पास गरिए नेपालको स्वाधीनता र सार्वभौमिकतामाथि गम्भिर आँच आउने भन्दै राष्ट्रघाती प्रावधान हटाएर मात्र पास गर्नुपर्ने ठहर गरेको छ ।

सो पार्टी सम्बद्ध केही युवा विद्यार्थीहरू एमसीसीका विरुद्ध स्वतःस्फूर्त रूपमा सडक प्रदर्शनमा समेत उत्रदै आएका छन् । तर प्रधानमन्त्री केपी ओली लगायत मूलतः ओली गुट प्रतिपक्षी दल कांग्रेस र मधेसवादी पार्टीहरूलाई साथमा लिएर एमसीसी पास गर्ने तयारी गरिरहेको छ। ओलीले पार्टीको निर्णयहरूका विरुद्ध हुबहु एमसीसीको पास गर्ने षड्यन्त्र गरिराखेका छन् । त्यही षड्यन्त्र अनुसार नै सरकारले हालै ल्याएको नीति तथा कार्यक्रम र बजेटमा समेत एमसीसीलाई चोर दुलोबाट घुसाएको थियो ।

*लेखक बुद्धिजीवीहरू पनि एमसीसीको विरुद्धमा*

स्थापित लेखक, बुद्धिजीवी, अभियन्ताहरू पनि एमसीसी खारेजी अभियानमा छन् । भैरव रिसाल, स्वनाम साथी, श्याम श्रेष्ठ, निनु चापागाईं लगायतका स्थापित लेखक, बुद्धिजीवी, सामाजिक अभियन्ताहरू पनि एमसीसी खारेजीको पक्षमा खुलेर वकालत चलाइरहेका छन् । सामाजिक सञ्जालमा अभियान सञ्चालन गरिरहेका छन् ।

*खाँचो सशक्त वृहत् संघर्षको*

एमसीसी खारेजीको पक्षमा संघर्षरत सबै राजनीतिक पार्टीहरू र नागरिक समाजलाई एकै ठाउँमा जोडेर वृहत् संघर्ष उठानको खाँचो सर्वत्र महसुस गरिएको छ । त्यसको लागि पहल तथा अगुवाइ गर्न क्रान्तिकारी माओवादी लगायत दश दलीय मोर्चा, प्रतिबन्धित नेकपादेखि सत्तारुढ दलका नेताहरूलाई समेत नागरिक समाज तथा अभियन्ताहरूले सुझाव र आव्हान गर्दै आएका छन् । क्रान्तिकारी माओवादीका नेताहरूका अनुसार एमसीसीका विरुद्ध आन्दोलनरत सबै पक्षसित छलफल गरी महामारीको प्रतिकूलताका बाबजुद वृहत् संघर्ष उठानका लागि तयारी भइरहेको छ ।

# नेपालमै कोरोना विरुद्धको खोप बनेको दाबी– डब्लूएचओको चासो



*पत्रकार सम्मेलनमा तयार भएको खोप देखाउँदै प्रा.डा. ललितकुमार लाल दासले कोरोना भाइरस (कोभिड–१९) विरूद्धको भ्याक्सिन तयार पारेको दाबी गरेका छन्*

हेटौंडा । हेटौंडास्थित वन विज्ञान अध्ययन संस्थान (फरेष्ट्री)का प्राध्यापक डा. ललितकुमार लाल दासले कोरोना भाइरस (कोभिड-१९) विरुद्धको भ्याक्सिन तयार पारेको दाबी गरेका छन्। । विश्वव्यापी महामारीको रूपमा फैलिएको भाइरसविरुद्ध लड्न प्रतिरोधात्मक र उपचारात्मक औषधि आफूले ७० दिन लगाएर तयार पारेको उनको दाबी छ ।

शुक्रबार पत्रकार सम्मेलन गरेर उनले आफ्नो खोज र यसको प्रक्रियाबारे जानकारी दिँदै परीक्षणका लागि सम्बन्धित निकायलाई आग्रह गरेका हुन । बोटविरुवामा आधारित औषधि निकालेको भन्दै उनले डाक्टरबाट पनि यसबारे आफूलाई प्रतिक्रिया प्राप्त भइरहेको बताए ।

भाइरस निको हुने र मानिसमा रोग प्रतिरोधी क्षमता बढाउने गरी दुई प्रकारको नमूना तयार बनाएको उनले बताए । 'अहिलेलाई मेरो काम सकियो, अब सरकारले आफ्नो काम अघि बढाओस', उनले भने,'पछि आवश्यक परेको बेला म थप काम गर्दै जानेछु ।'

'मैले गलत चिज प्रयोग गरेको छैन । तर यो ठिक छ वा छैन भनेर परीक्षण हासस्, मेरो चाहना यही छ', उनले भने । परीक्षणको नियम बमोजिम नै विभिन्न जीवमा परीक्षण गरेर पछि मानिसमा प्रयोग गर्न सकिने उनले बताए । 'जे नियम छ, सोही बमोजिम परीक्षण होस, तर मेरो ७० दिनको मिहिनत यत्तिकै खेर नजाओस', उनले भने ।

काठमाडौंमा भाइरलोजिस्ट यस्ता किसिमको ल्याब रहेको र यसअघि पनि परीक्षण भएको भन्दै उनले आफूले तयार पारेको यो प्रविधि पनि ती ल्याबमा हेरिदिन ध्यानाकर्षण गराएका छन् ।

'मैले प्रदेशका सामाजिक विकासमन्त्री युवराज दुलाललाई पनि यो जानकारी गराएको छु । काठमाडौंका विभिन्न अस्पताल, त्रिभुवन विश्वविद्यालयसहित देशमा ८ वटा ल्याब छन । मैले गुगलबाट यो जानकारी लिएको हुँ', उनले भने ।

कोरोनाको नेचर हेरेर, त्यस अनुसारको प्रयोग गरेको उनको दाबी छ । 'मैले सुरु गरेको अभियान पूरा नभएसम्म काम छोड्दिन', उनले भनेका छन । 'अहिले कोरोनासँग डराउने होइन, लड्ने हो भन्न थालिएको छ, मैले जुन दिन काम सुरू गरेँ, त्यतिबेलै यसविरुद्ध लड्ने हो भन्ने मनमा लिइसकेको थिएँ', उनले भने ।

कोरोना विरुद्धको भ्याक्सिनमा डब्लूएचओको चासो

विश्व स्वास्थ्य संगठन (डब्लूएचओ)ले कोरोनाविरुद्धको भ्याक्सिनमा चासो देखाएको छ । हेटौंडास्थित वन विज्ञान अध्ययन संस्थानको प्रयोगशलामा तयार पारिएको कोरोनाविरुद्ध निर्माण भएको औषधि तथा प्रयोगशालाको सम्बन्धमा डब्लूएचओले चासो लिएको हो ।

त्रिभुवन विश्व विद्यालय अर्न्तगतको अध्ययन संस्थानका प्रध्यापक डा. ललितकुमार दासले कोरोनाविरुद्ध निर्माण गरेको दाबी गरेको खोप तथा त्यसको उपयोगिता सम्बन्धमा डब्लूएचओले जानकारी लिएको छ ।

डब्लूएचओले भिडियो वार्तामा नेपालसहित ७३ राष्ट्रसँग प्रत्यक्ष रूपमा कोरोनाविरुद्ध निर्माण भइरहेको औषधि र आवश्यक सहयोग सम्बन्धी छलफल गरेको डा. दासले जानकारी दिए

उक्त प्रयोगशालामा उत्पादन गरिएको औषधि सम्बन्धमा आवश्यक जानकारीका लागि संस्थानका प्राध्यापक दामोदर गैरेले डब्लूएचओमा लिखित प्रस्ताव पठाएको र उक्त प्रयोगशाला पनि छनोट भएपछि भिडियो सम्मेलनमा यसबारे छलफल भएको दासको दाबी छ ।

# ‘जनतासँग घनिष्ठ सम्बन्ध बनाउने कार्यशैली’बारे



**जनतासँग घनिष्ठ सम्बन्ध बनाउने र सबै विषयमा तिनीहरूसंग छलफल गर्ने कार्यशैली पार्टीको परम्परागत कार्यशैली हो र शक्तिको स्रोत हो, जसले पार्टीलाई सबै दुश्मनलाई हराउन र सबै समस्याको सामना गर्नसक्ने बनाएको छ । -माओत्सेतुङ**

मार्क्सवादले मान्दछ कि जनसमुदाय भनेका इतिहासका मालिक हुन्, तिनीहरू समाजलाई अगाडि बढाउने निर्णायक शक्ति हुन् । जनसमुदाय केबल संसारको भौतिक र आत्मिक सम्पत्तिका निर्माता मात्र होइनन्, बरु तिनका क्रान्तिकारी संघर्षहरू समाजलाई अगाडि बढाउने चालक शक्ति हुन् । दासहरू इतिहासका निर्माता हुन्, यो आधारभूत ऐतिहासिक भौतिकवादी दृष्टिकोण हो । मार्क्स र एंगेल्सले औंल्याउनु भयो, ‘ऐतिहासिक आन्दोलन जनताको काम हो’, (१५६) र लेनिनले लेख्नुभयो, ‘जीवन्त, सिर्जनशील समाजवाद जनता कै उपज हो’, (१५७) अध्यक्ष माओले पनि औंल्याउनु भएको छ, ‘जनता र केबल जनता विश्व इतिहासका चालक शक्ति हुन् ।’ (१५८) जनतासँग घनिष्ठ सम्बन्ध बनाउन हामीहरू ‘जनता नै असली नायक हुन्’ भन्ने विचारले सुसज्जित हुनै पर्दछ, क्रान्तिको तागत जनसमुदायमा रहन्छ भन्ने कुरामा विस्वस्त हुनु पर्दछ र इतिहासको निर्माताका रूपमा तिनीहरूको गौरवशाली भूमिकालाई पूर्णतः स्वीकार्नु पर्दछ । हाम्रो पार्टीले जनसमुदायलाई नेतृत्व गर्न सक्ने कारण के हो भने यसले जनताका हितको प्रतिनिधित्व गर्दछ, हार्दिकताका साथ तिनीहरूको सेवा गर्दछ, तिनीहरूमा विश्वास गर्दछ, तिनीहरूमा भर पर्दछ र तिनहिरूसँग घनिष्ठ सम्बन्ध बनाएर साम्यवादको प्राप्तिका निम्ति संघर्ष गर्दछ ।

जनतासँग घनिष्ठ सबन्ध बनाउने कुरा हाम्रो पार्टीको गौरवशाली परम्परा हो । जनवादी क्रान्तिका बेला हाम्रो पार्टीले अध्यक्ष माओको क्रान्तिकारी कार्यदिशाको नेतृत्वमा जनतालाई परिचालन गरेर र तिनीहरूमा भर परेर जनमुक्ति सेनाको निर्माण गर्‍यो र क्रान्तिकारी आधारहरू स्थापना गर्‍यो । यसरी, २८ बर्षको वीरतापूर्ण संघर्ष पछि, केबल कोदो र भरुवा बन्दुकको भरमा यसले आफुलाई अपराजेय ठान्ने जापानी फासिवादी लुटेराहरूलाई हराउन र अमेरिकी साम्राज्यवादद्वारा आपुर्ति गरिएको कोमिन्ताङ्गको ८० लाख प्रतिक्रियावादी सेनालाई नामेट पार्न सफल भयो । कठोर संघर्षका ती वर्षहरूमा हाम्रो पार्टी र जनमुक्ति सेनाले सुखदुःख साटासाट गरेर शक्तिशाली दुश्मनलाई पराजित गर्‍यो र नया जनवादी क्रान्तिमा पूरा जीत हात पार्‍यो । सम्पूर्ण देशको मुक्ति पछि, जनतालाई पुरा परिचालन गरेर र तिनीहरू माथि दृढतापूर्वक भर परेर हाम्रो पार्टीले देशभित्र र बाहिरका दुश्मनहरूद्वारा भड्काइएका अवरोध र तोडफोडलाई ध्वस्त पारिदिएको छ । स्वाधीनता, आत्म-निर्भरता र कठोर संघर्षको क्रान्तिकारी स्पिरिटलाई प्रदर्शन गर्दै र सँधै चौतर्फी नेतृत्व प्रदान गर्दै यसले पुरानो, गरीव, पिछडिएको र संकटग्रस्त चीनलाई सम्बृद्धितर्फ अगाडि बढेको एउटा समाजवादी चीनमा फेरेको छ । माओले व्यक्तिगत रूपमा सुरु गरेर नेतृत्व प्रदान गर्नुभएको महान् सर्बहारा सांस्कृतिक क्रान्तिको प्रक्रियामा हाम्रो पार्टीले ठूलो मात्रामा जनतालाई परिचालन गर्‍यो, तिनीहरू माथि भर पर्‍यो र सर्बहारा वर्गको अधिनायकत्व अन्तर्गत र व्यापक जनवादमार्फत् उग्र आँधीका रूपमा एउटा जबर्जस्त जनआन्दोलनको उठान गरायो र यसरी महान् सर्बहारा सांस्कृतिक क्रान्तिका क्रममा एउटा लिउ शाओचीले र अर्को लिन पियाओले अगुवाई गरेका दुई बुर्जुवा मुख्यालय ध्वस्त भए र धेरै महत्वपूर्ण जीतहरू हासिल भए । असंख्य तथ्यहरूले यो देखाउँछन् कि हामीले जनतामा विश्वास गरेको, तीमाथि भर परेको र तिनीहरूसंग घनिष्ठ सम्बन्ध बनाएको स्थितिमा, मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ्ग विचारधाराले सुसज्जित जनसमुदायहरू अपराजेय हुन्छन् र हामीले अनिवार्य विजय हासिल गर्ने छौं ।

जनतासँग घनिष्ठ सम्बन्ध हुने वा तिनीहरूबाट अलग हुने (अथवा जनताबाट डराउने वा क्रान्तिकारी जनआन्दोलनको विरोध गर्ने) कुरा विधिको मात्र प्रश्न होइन, बरु यो त अडान र विश्व दृष्टिकोणसँग जोडिएको एउटा आधारभूत प्रश्न हो । यो अध्यक्ष माओको क्रान्तिकारी कार्यदिशा र दक्षिण तथा ‘वाम’ अवसरवादी कार्यदिशाका बीचमा चल्ने संघर्षको एउटा महत्वपूर्ण प्रश्न हो । अवसरवादी कार्यदिशाका मुखियाहरू सबै आदर्शवादी हुन्छन्, तिनीहरूले हठपूर्वक बुर्जुवाको पक्ष लिन्छन्, सम्पूर्ण तागत लगाएर जनतालाई बदनाम र तिरस्कार गर्दछन् । तिनीहरूले इतिहासका निर्माताका रूपमा जनसमुदायको महत्वपूर्ण भूमिकालाई इन्कार गर्छन्, पार्टीले नेतृत्व गरेका क्रान्तिकारी जनआन्दोलनका विरोधी हुन्छन् र त्यसलाई ध्वंश गर्छन् । पहिलो क्रान्तिकारी गृहयुद्धका बेला दक्षिणपन्थी अवसरवादी कार्यदिशाको मुखिया छन् तु-शुले चिनियाँ सर्बहारा वर्ग ‘वचकाना’ छ ‘यो स्वतन्त्र क्रान्तिकारी शक्ति होइन’, भनेर बद्नाम गर्‍यो र चिनियाँ जनता ‘अनुशासनहीन’ र ‘रुढीवादी’ छन्, ‘ तिनीहरूलाई क्रान्तिको पक्षमा तान्न गाह्रो हुन्छ’ भन्ने दावी गर्‍यो । उसमा क्रान्तिको तागतमा विश्वास थिएन, उसले दक्षिणपन्थी आत्मसमर्पणवादी कार्यदिशा लियो र वीरतापूर्ण क्रान्तिकारी आन्दोलनलाई पराजयमा पुर्‍यायो । समाजवादको ऐतिहासिक अवधिमा पार्टीको आधारभूत कार्यदिशालाई बदल्नका निम्ति लिउ शाओची, लिन पियाओ र त्यस्तै अरु ठगहरूले पार्टीको जनदिशा र जनतासँग घनिष्ठ सम्बन्ध बनाउने उत्कृष्ट कार्यशैलीलाई ध्वस्त गर्न आफ्नो पुरै तागत लगाएर काम गरे । ‘पिछडिएका जनता’को सिद्धान्तलाई खुला रूपमा अगाडि सारेर लिउ शाओचीले ‘चार सफाई आन्दोलन’का बेला जन परिचालनको विरोध गर्‍यो (१६०) र महान सर्बहारा सांस्कृतिक क्रान्तिको अवधिभरि उसले बुर्जुवा प्रतिक्रियावादी कार्यदिशा लागु गर्‍यो र क्रान्तिकारी जनआन्दोलनलाई दबायो । लिन पियाओका सन्दर्भमा, उसले ‘प्रतिभाको सिद्धान्त’को हल्ला मच्चायो र निर्लज्जतापूर्वक आफूमा ‘ जन्मजात ज्ञान’ र ‘जन्मजात चेतना’भएको भनेर आफैलाई ‘प्रतिभा’को पगरी गुथायो । साथै, ‘धनी हुन र मोजमस्ती गर्न’ रुचाउने र ‘तेल, नुन, भट्टको सस, अमिलो र दाउरा’ बाहेक अरु केही नचिनेका गंवारका रूपमा व्यवहार गर्दै उसले आम मजदुर तथा किसान जनसमुदायलाई होच्याउंथ्यो । लिन पियाओ र उसको गुटले मार्क्सवाद-लेनिनवादका आधारभूत सिद्धान्तलाई निषेध गर्न द्वैत कुतर्कको प्रयोग गर्दै ‘वीर र दासहरू दुबैले संगै मिलेर इतिहासको निर्माण गर्दछन्’ भन्ने बकबासको पनि प्रचार गर्दथ्यो । हामीले लिउ शाओची र लिन पियाओका इतिहाससम्बन्धी प्रतिक्रियावादी र आदर्शवादी अवधारणको सांगोपांगो आलोचना गर्नु पर्दछ, जनता र पार्टीका बीचको सम्बन्धलाई निरन्तर बलियो बनाइराख्नु पर्दछ र दशौं महाधिबेशनद्वारा स्थापित गरिएको राजनीतिक कार्यदिशा अनुसार साहसका साथ अगाडि बढ्नु पर्छ ।

जनता र पार्टीका बीचमा घनिष्ठ सम्बन्ध बनाइराख्न हामीले जनतासँग छलफल गर्नु पर्दछ र नम्र भएर तिनीहरूको विचार सुन्नु पर्दछ । अध्यक्ष माओले हामीलाई सिकाउनु भएको छ कि ‘वास्तविक निजी ज्ञान भएका जनताहरू ती हुन्, जुन संसारभरी व्यवहारमा जोडिएका हुन्छन् ।’ (१६१) तीन महत्वपूर्ण क्रान्तिकारी आन्दोलनको अग्र मोर्चामा लडेका आम जनसमुदामा गहिरो व्यावहारिक ज्ञान हुन्छ । जनताका बिचारलाई नम्र भै सुनेर र तिनीहरूसँग छलफल गरेर मात्र हामीले तिनीहरूको ज्ञानलाई केन्द्रीत गर्न सक्छौं, तिनीहरूको नयाँ खोजलाई प्रयोग गर्न सक्छौं, अनुभवलाई संश्लेषण गर्न सक्छौं र क्रान्तिकारी व्यवहारलाई नेतृत्व गर्न आवश्यक सही ज्ञान प्राप्त गर्न सक्छौं । जनतासँग छलफल गर्न हामीले तिनीहरूको विचार सुन्नु पर्दछ । हाम्रो काम गर्ने सिप पुगेन भने, अपठ्यारो आई पर्‍यो भने वा हाम्रो अनुभव पुगेन भने हामीले जनताबाट तिनीहरूको विचार सुन्नु पर्दछ र हामीले परिस्थिति बुझे पनि, काम राम्रोसंग अगाडि बढे पनि र हामीले जिते पनि यो आवश्यक भैरहन्छ । उनीहरूसँग सहमत भए पनि नभए पनि हामीले जनताका सबै विचारलाई सुन्नु पर्दछ । हामीले सबैलाई आफ्नो भनाइ बोल्न दिनु पर्दछ, तिनीहरूको मनमा के छ जनतालाई अभिव्यक्त गर्न दिनु पर्दछ । हामीले जनताको ज्ञानलाई जम्मा गर्नु पर्दछ, कुन मूल्यको छ, कुन छैन छुट्याउनु पर्दछ र माओ त्सेतुङ्ग विचारधाराका आधारमा सोचाईमा एकरूपता प्राप्त गर्नु पर्दछ । त्यसरी मात्र हामीले जनताको पहलकदमी र सिर्जनशीलतालाई पूरा अगाडि ल्याउन सक्छौं, तिनीहरूको ज्ञानलाई पुरा एकत्रित गर्न सक्छौं र क्रान्ति तथा निर्माणको विकासका निमित्त थप प्रेरणा दिन सक्छौं । केही कमरेडहरूले आफुमात्र बोल्न चाहन्छन् र जनतालाई आफ्नो विचार राख्न दिँदैनन् । अनुसन्धानको काम होस् वा समस्या समाधान गर्न होस्, समस्याको समाधान गर्ने आफुमात्र हुन चाहन्छन्, तिनीहरूले अरु कसैलाई बोल्न दिँदैनन्, जनताले त अरुले भनेको सुन्ने र आदेश मान्ने मात्र हो भन्ने ठान्छन् । यस्तो कार्यशैली पूर्णतः गलत छ, यसले जनतालाई आफ्नो विचार व्यक्त गर्नबाट पुरै रोक्दछ, तिनीहरूको पहलकदमी कमजोर हुन्छ र पार्टी र तिनीहरूका बीचको सम्बन्ध बिग्रन्छ ।

जनतासँग घनिष्ठ सम्बन्ध कायम राख्न, हाम्रो उनीहरूप्रति सही दृष्टिकोण हुनु पर्दछ र तिनीहरूलाई सही व्यवहार गर्नु पर्दछ । मार्क्सवादले मान्दछ कि जनतामा विस्वास गरेर, जनतामा भर परेर र जनतासँग घनिष्ठ सम्बन्ध बनाएर मात्र प्रत्येक व्यक्तिले आफ्नो भूमिका खेल्न सक्दछ र जनसमुदायको उद्देश्यमा राम्रो योगदान पुर्‍याउन सक्छ । यदि व्यक्तिको भूमिकालाई बढी मूल्यांकन र जनसमुदायको भूमिकालाई कम मूल्यांकन गर्छौं भने, यदि हामीले गरेको जति सबै राम्रो र जनताले गरेको सबै नराम्रो भन्नेमा विश्वास गर्छौं भने हामीले जनता र व्यक्तिको अवस्थिति उल्ट्याई दिने छौं र ऐतिहासिक आदर्शवादमा चिप्लिने छौं । जहाँसम्म पार्टीका कार्यकर्ताहरू र सदस्यताको कुरा छ जनतालाई सही व्यवहार गर्नका निम्ति तिनीहरू स्वेच्छाले जनताका विद्यार्थी हुनु पर्दछ, नम्र भएर तिनीहरूबाट सिक्नु पर्दछ, जनताले तिनीहरूलाई सामान्य श्रमजीवि व्यक्तिका रूपमा देख्नु पर्दछ र जनताका बीचमा गहिरो जरा गाडनु पर्दछ । पार्टीका कार्यकर्ताहरूले सामुहिक उत्पादन श्रममा भाग लिईराख्नु पर्दछ, श्रमजीवि जनताको विशेषतालाई बचाई राख्नु पर्दछ र जनतासंग रहिराख्नु पर्दछ ।

जनतालाई सही ढङ्गले नेतृत्व गर्नका निम्ति हामीले मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ्ग विचारधारालाई कसरी प्रयोग गर्ने भन्ने पनि जान्नु पर्दछ । कम्युनिष्ट पार्टीका सदस्यहरका निम्ति जनतासँग घनिष्ठ सम्बन्ध बनाउने भन्नुको अर्थ जनताबाट सिक्नु हो, यसको अर्थ तिनलाई सशस्त्र गर्न र संगठित गर्नका निम्ति तिनीहरूको बीचमा मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ्ग विचारधारालाई प्रचार गर्नु हो । जहाँसम्म जनतासँग व्यवहार गर्ने विधिको प्रश्न छ, एकातिर हामीले ‘नेतृत्व सर्बज्ञानी हुन्छ’, ‘जनता पिछडिएको हुन्छ’ भन्ने सिद्धान्तका विरुद्ध लड्नु पर्दछ र नोकरशाही तथा आदेशात्मक गलत कार्य शैलीलाई पराजित गर्नु पर्दछ र अर्कोतिर ‘ जनताले त्यस्तै चाहन्छन् भने होस’ भन्ने सोचको विरोध गर्नु पर्दछ र पुच्छरवादको हानिकारक प्रवृत्तिलाई पराजित गर्नु पर्दछ । यो तरिकाले मात्र हामीले अध्यक्ष माओको क्रान्तिकारी कार्यदिशालाई सही ढङ्गले लागु गर्न पार्टीको कामलाई राम्ररी सम्पन्न गर्न सक्छौं ।

जनतासँग घनिष्ठ सम्बन्ध कायम राख्न, हामीले नम्र, विवेकी र कठोर संघर्षको कार्यशैली अपनाउनु पर्दछ । हामी कम्युनिष्ट पार्टीका सदस्यहरूले सधै जनताले फेर्ने हावाको सासफेर्नु पर्दछ र उही भाग्य बाँड्नु पर्दछ, हामीले आराम र आनन्द खोज्नु हुँदैन र कठोर जीवनलाई तिरस्कार गर्नु हुँदैन । हाम्रो पदोन्नति भयो भने पनि हामीले नम्र, विवेकी र जनतासँग घनिष्ठ सम्बन्ध बनाउने कार्यशैली बिर्सनु हुँदैन, हाम्रो जीवनस्तर राम्रो भए पनि हामीले कठोर संघर्षको शैली छाड्नु हुँदैन । यसरी मात्र हामीले बुर्जुवा विचार र जीवन शैलीले गर्ने भ्रष्टीकरणको प्रभावकारी ढङ्गले विरोध गर्न सक्नेछौं, हामी जनताबाट अलग हुने छैनौं र यसरी क्रान्ति र निर्माणमा अरु ठूला जित हात पार्नका निम्ति हाम्रो पार्टीको जनतासँगको सम्बन्ध सँधैं माछाको सम्बन्ध पानीसँग जस्तो हुनेछ ।

## मार्क्सवादी...

समाजको गतिको नियम पत्ता लगाउन सक्नुभयो । द्वन्द्वात्मक-ऐतिहासिक दृष्टिकोणको अभावमा उक्त कुरा सम्भव थिएन । त्यसका साथै, आर्थिक व्यवस्था नै सामाजिक जीवनको मूल आधार हो भन्ने ऐतिहासिक भौतिकवादको निकै महत्वपूर्ण प्रस्थापनाले मार्क्सलाई अर्थशास्त्रको अध्ययनतर्फ अधिकतम ध्यान लगाउनमा प्रेरित गर्‍यो । अर्कोतिर वैज्ञानिक-साम्यवादी सिद्धान्तले अरु विकासले आर्थिक अनुसन्धानको जरुरी खाँचोलाई प्रस्तुत गर्‍यो ।

उपर्युक्त विकासले कुन कुराको अपरिहार्य रूपमा अपेक्षा गर्‍यो भने उक्त सिद्धान्तको लागि ठोस आर्थिक आधार तयार पारियोस् । १८४३ र १८४९ को बीचमा, जब मार्क्स र एन्जेल्सले आफ्नो नयाँ वैज्ञानिक-साम्यवादी सिद्धान्तको प्रतिपादन गर्नुभएको थियो, त्यस बेलामा जरुरी खाँचोको रूपमा नयाँ आर्थिक सिद्धान्तको प्रतिपादन तथा विशद व्याख्या हुनु आवश्यक हुन गयो । यसरी द्वन्द्वात्मक-भौतिकवादी तरिका आर्थिक अनुसन्धानका लागि आवश्यक साधन बन्यो भने वैज्ञानिक-साम्यवादी सिद्धान्तको विकासको खाँचो सो अनुसन्धानको लागि बलियो प्रेरक शक्ति बन्यो ।

अनि अर्कोतिर, नयाँ आर्थिक सिद्धान्तको प्रतिपादन र विशद व्याख्याले इतिहाससम्बन्धी भौतिकवादी धारणा र वैज्ञानिक साम्यवादको सिद्धान्त दुवैलाई ठोस रूपमा समृद्ध तथा सशक्त बनायो । कुन रूपमा उक्त काम गरियो भन्ने विषयमा संक्षिप्त रूपमा विचार गरौं ।

ऐतिहासिक भौतिकवादको एउटा प्रमुख प्रस्थापना के हो भने प्रकृतिको विकासका नियमहरू विपरित, मानव समाजको विकासका नियमहरू जनताको क्रियाकलापमार्फत र वर्गीय समाजमा वर्गहरूको क्रियाकलाप तथा सङ्घर्षमार्फत क्रियाशील हुन्छन् । उक्त प्रस्थापनालाई मार्क्सको आर्थिक सिद्धान्तले समृद्ध पारेको छ, किनभने उक्त सिद्धान्तमा उहाँले के देखाउनुभयो भने पुँजीवादी उत्पादन-प्रणालीका वस्तुगत आर्थिक नियमहरू वर्ग-सङ्घर्षको प्रक्रियामा सिद्ध हुन्छन् । आर्थिक नियमहरू पनि प्रकृतिका निमयहरू क्रियाशील हुने ढङ्गबाट क्रियाशील हुन्छन् भन्ने पुँजीवादी अर्थशास्त्रीको धारणाका विपरीत, मार्क्सको आर्थिक सिद्धान्तको उपर्युक्त निष्कर्षले ऐतिहासिक भौतिकवादलाई सबल र समृद्ध पार्‍यो । त्यसैगरी, पुँजीवादी राज्य र अधिरचनाका (Superstructure) अन्य तत्वहरूले पुँजीवादी उत्पादन-प्रणालीको विकासमा ठूलो भूमिका खेल्छन् भन्ने जुन निष्कर्ष मार्क्सले आफ्नो कृति पुँजीमा निकाल्नुभयो, त्यसले आर्थिक आधार र अधिरचनाबीचको सम्बन्धबारे आर्थिक सिद्धान्तबाट धेरै महत्वपूर्ण निष्कर्षहरू निस्के, जसले इतिहासको भौतिकवादी धारणालाई समृद्ध पारे ।

जहाँसम्म वैज्ञानिक साम्यवादमाथि मार्क्सको आर्थिक सिद्धान्तको प्रभावको सवाल छ, त्यसबारे माथि हामीले कुन कुरा बताइसकेका छौं भने मार्क्सको आर्थिक सिद्धान्तले वैज्ञानिक साम्यवादलाई बलियो आर्थिक जगमा उभ्यायो र सो सिद्धान्तबाट निकालिएका निष्कर्षहरूले साम्यवादका आधारभूत प्रस्थापनाहरूलाई उचित सावित गरे । अतिरिक्ति मूल्यको सिद्धान्तले पुँजीवादी उत्पादन-प्रणाली कुन ढङ्गबाट क्रियाशील रहन्छ र त्यसको विकासका मूल धाराहरू के हुन् भन्ने देखायो, र त्यसले गर्दा साम्यवादी सिद्धान्त आर्थिक दृष्टिबाट सही प्रमाणित भयो । जस्तो कि लेनिन भन्नुहुन्छ : ‘मार्क्सले पूरा रूपमा एकमात्र समकालीन समाजको विकासको आर्थिक नियमबाट कुन निष्कर्ष निकाल्नुभयो भने समाजवादी समाजमा पुँजीवादी समाजको रूपान्तरण हुनु अनिवार्य छ ।’

वास्तवमा मार्क्सको सिद्धान्त वैज्ञानिक साम्यवादको आर्थिक न्यायोचितता हो, र त्यसले साम्यवादी सिद्धान्तको विकासमा निकै महत्वपूर्ण भूमिका खेलेको छ । वैज्ञानिक साम्यवादलाई सृदृढ आर्थिक आधार प्रदान गरेर उक्त आर्थिक सिद्धान्तले समाजवादलाई वैज्ञानिक सिद्धान्तमा फेर्ने प्रक्रियालाई पूर्णता प्रदान गरेको छ । त्यसैले, लेनिनले मार्क्सको आर्थिक सिद्धान्त उहाँको सिद्धान्तको सबभन्दा गहन, व्यापक तथा विस्तृत पुष्टि तथा कार्यान्वयन रहेको बताउनुभयो ।

यसरी, कुन कुरा स्पष्ट हुन्छ भने मार्क्सवादका अङ्गहरूको गहिरो तथा अभिन्न एकता रहेको छ । तर त्यो एकता पारस्परिक अन्तरक्रिया र पारस्परिक प्रभाव तथा समर्थनको रूपमा मात्र, अर्थात् साझो रेखामा मात्र सीमित रहेको छैन । उक्त एकता ठाडो रूपमा पनि रहेको छ । अर्थात् मार्क्सवादी सिद्धान्तले विकासको एउटै दिशाको अनुसरण गरिआएको अर्थमा पनि उक्त आन्तरिक एकता रहेको छ । उक्त विकास द्वन्द्वात्मक ढङ्गबाट भएको छ, अर्थात् त्यसको चरित्र अन्तर्विरोधी छ । उक्त सिद्धान्तका कुनै खास-खास तत्वहरू समयको क्रममा पछि गएर बेठीक र समय नसुहाउँदा सावित भएका छन्, तर समग्र रूपमा मार्क्सवादी सिद्धान्त झन्झन् समृद्ध तथा विकसित भइरहेको छ । त्यसैले, समग्र रूपमा त्यसको आन्तरिक एकताको रूपमा लिए मात्र, उक्त सिद्धान्तलाई सही र ठीक ढङ्गबाट बुझ्न सकिन्छ ।

मार्क्सवादी सिद्धान्तको विकासको सम्बन्धमा एउटा आधार भूत कुरा के छ भने त्यसको विकास सधैंभरि त्यसका अभिन्न अङ्गहरूको एकताको रूपमा भएको छ । मार्क्स र एन्जेल्सका सैद्धान्तिक उपलब्धिहरूको आन्तरिक एकता कुन तथ्यमा पनि रहेको छ भने उहाँहरूले आफ्नो सम्पूर्ण अनुसन्धानमा एउटा साझा उद्देश्य अपनाउनुभयो, र त्यो उद्देश्य थियो– समाजवादलाई वैज्ञानिक आधार प्रदान गरी त्यसलाई कल्पनाबाट सच्चा विज्ञानमा फेर्नु । यही साझा उद्देश्य नै मार्क्सवादका अङ्गहरूको एकताको मूल स्रोत तथा कारण रहेको छ ।

मार्क्सको पुँजी मार्क्सवादी सिद्धान्तको आन्तरिक एकताको एउटा चहकिलो, आदर्श दृष्टान्त बनेको छ । पुँजी राजनीतिक अर्थशास्त्रसम्बन्धी एक महान् कृति हो । तर त्यो त्यति मात्र होइन । त्यसको ज्यादै गहन दार्शनिक तथा ऐतिहासिक सारतत्व पनि छ । अर्थशास्त्रसम्बन्धी महत्वपूर्ण कृति हुनाको साथै, पुँजी भौतिकवादी द्वन्द्ववादको विशद व्याख्या र कार्यान्वयनको एक बेजोड नमुना पनि हो । त्यहाँ पुँजीवादी समाजको अध्ययनमा उक्त द्वन्द्ववादलाई बडो दक्षतापूर्वक लागू गरिएको छ । मार्क्सको सैद्धान्तिक अनुसन्धानको तरिका, अर्थात् द्वन्द्वात्मक-भौतिकवादी तरिकालाई आर्थिक अनुसन्धानमा सही र सुसंगत रूपमा प्रयोग गरिएको छ । जहाँसम्म पुँजीको ऐतिहासिक सारतत्वको सवाल छ, पुँजीवादी उत्पादन-प्रणालीको अनुसन्धान र अध्ययन गर्नु हुँदा मार्क्सले विशाल परिमाणमा ठोस ऐतिहासिक तथ्यहरूमाथि आफूलाई आधारित पार्नुभयो । विपुल ठोस ऐतिहासिक सामग्रीहरूको आधारमा उहाँले पुँजीवादका वास्तविक ऐतिहासिक जराहरू, त्यसका आधारभूत अन्तर्विरोधहरू र त्यसको पतनको अनिवार्यतालाई स्पष्टसित दर्शाउनुभयो । सर्वहारा वर्ग-सङ्घर्षका हितहरूको प्रतिनिधित्व गरेर पुँजीले समाजवादको लागि सङ्घर्षमा सर्वहारावर्गको हातमा एक धारिलो अस्त्र प्रदान गर्‍यो ।

मार्क्सवादको सच्चा भावना त्यसका तीन अभिन्न अङ्गहरूको एकतामा रहेको छ । उक्त भावनालाई लेनिनले यस रूपमा दर्शाउनुभएको छ : मार्क्सवाद ‘स्पातको एउटै टुक्राबाट ढलान गरेर बनाइएको’ छ । उक्त भनाइमा मार्क्सवादको वास्तविक चरित्र अभिव्यक्त भएको छ । त्यस रूपमा त्यसको चित्रण गर्नुमा दुइटा कारण छन् । एउटा कारण के भने मार्क्सवादले संसारसम्बन्धी वस्तुगत ज्ञानलाई श्रमजीवी जनताका हितहरूको सचेत अभिव्यक्तिसित गाँसेको छ । अर्को कारण के भने मार्क्सवाद क्रान्तिकारी विचारहरूको एक सुसंगत व्यवस्था हो ।

तर, यस्ता अनगिन्ती घटनाहरू पहिले पनि देखिएका थिए र अहिले पनि देखिँदै छन् जसमा मार्क्सवादलाई एक सिङ्गो सिद्धान्तको रूपमा ग्रहण गरिँदैन र त्यसलाई ‘कार्यमा पथप्रदर्शक’ को रूपमा ठीकसित प्रयोग गरिँदैन । एक थरी समाजवादीहरू र तथाकथित मार्क्सवादीहरूको माझमा व्यापक रूपमा फैलिएको एउटा प्रवृत्ति हामी के देख्छौं भने उनीहरू मार्क्सवादी सिद्धान्तका खास-खास वैयक्तिक तत्वहरूसित (उदाहरणका लागि आर्थिक तत्वको प्राथमिकतासम्बन्धी धारणा) आफ्नो समर्थनको आधारमा आफूलाई मार्क्सवादी भनी दावा गर्छन् । हाम्रो मुलुकलगायत कैयन् मुलुकहरूमा केही तथाकथित मार्क्सवादीहरूको तर्फबाट, मार्क्सवादका केही खास प्रस्थापनाहरूमा जोड दिने वा तिनलाई मात्र प्रयोग गर्ने, आफ्नो खास कामको लागि त्यसका कुनै भनाइहरूमा अवाञ्छित मात्रासम्म बल दिने वा तिनलाई बाहियाती स्थितिसम्म बढाउने प्रयत्नहरू प्रशस्त र व्यापक मात्रामा भएर आएका छन् । लेनिनको भनाइअनुसार, त्यस्ता मामिलाहरूमा नै मार्क्सवाद एकपक्षीय, विकृत तथा निर्जीव देखिने हुन्छ र त्यसले जीवन्तता गुमाउँछ । एक सिङ्गो, सुसंगत विश्व-दृष्टिकोणको रूपमा मात्र मार्क्सवाद कार्यमा पथप्रदर्शक बन्न सक्छ र त्यस रूपमा प्रयोग भए मात्र त्यो सार्थक, उपयोगी तथा प्रभावकारी सिद्ध हुन सक्छ ।

# विज्ञान र व्यवस्थापन


● मित्रलाल पञ्जानी ●

कोरोना महामारी संसारभर फैलिएको र ताकतवर राष्ट्रहरूले समेत नियन्त्रण गर्न मुस्किल परिरहेको अवस्थामा कतिपय मान्छेहरूले सोसल मिडियाहरूमा विज्ञानले हार्‍यो भनेर हल्ला गरे । बालकृष्ण समद्वारा रचित कवितात्मक पङ्क्तिलाई आलम्बन बनाएर विज्ञानलाई चुटे–'ज्ञान मर्दछ हाँसेर रोई विज्ञान मर्दछ ।'

बालकृष्ण समजस्ता विद्वान लेखकले यति फितलो कुरा किन लेखे ? प्रश्न उठाउन सकिन्छ । तर यो पंक्ति उनले आफ्नै मुखबाट सोझै नबोलेर प्रह्लाद नाटकमा प्रह्लादको मुखबाट बोलेका हुन । त्यसो त प्रल्हादलाई समको मुखपात्र स्वीकार गर्ने हो भने यो समकै विचार मान्नु पर्ने हुन्छ । जेहोस, ज्ञान र विज्ञान दुई विपरीत कुरा होइनन । विज्ञान त हजारौँ वर्षको मानव ज्ञानको क्रमबद्ध विकास हो, प्रकृतिको विशिष्ट ज्ञान हो । ज्ञान र अज्ञान दुई विपरीत कुरा हुन अर्थात विज्ञान र अज्ञान दुई विपरीत कुरा हुन ।

चाहे जुनसुकै सन्दर्भलाई लिएर हास, विज्ञान हार्‍यो भन्ने विचार गलत छ । विज्ञान आफै चल्ने कुनै स्वतन्त्र वस्तु होइन । मान्छेले खोजेर निकालेको ज्ञान हो । खोजका क्रममा वैज्ञानिकहरूले अनेक प्रयोग र परीक्षण गरेका हुन्छन । त्यस क्रममा वैज्ञानिक आफैले पनि अपेक्षित वस्तु कहिले प्राप्त हुन्छ भनी ठिक ठिक भविष्यवाणी गर्न सक्दैनन । कहिले खोजेको वस्तु छिटै प्राप्त हुन्छ, कहिले लामो समय लाग्छ । लामो समय भनेको कति हो ? जति पनि हुनसक्छ । तर विज्ञानमा हार खाइदैन । एउटै वस्तु खोज्न युगौँयुगको समय लाग्न पनि सक्छ ।

मान्छेलाई चरा उडेको देखेर उड्न मन लागेको त हजारौँ वर्ष अघिदेखि हो । यस्ता उडानका मिथकहरू पूर्व पश्चिम दुवैतिर पाइन्छन । श्रीमद्भागवत लगायतका पुराणहरूमा कुवेर पुष्पक विमानमा उड्ने गरेको कथा छ । प्राचीन ग्रीसमा इक्यारस र उसका पिता ड्याडलस शरीरमा पखेटा जडेर पहाडबाट हाम्फालेको कथा छ । राइट दाजुभाइले जहाज उडाउनु अघिका अनेक उडान प्रयत्नका इतिहास पाइन्छन । इतिहासपूर्वका यस्ता कृति हजारौँ प्रयत्नहरू बेखबर लुप्त भए होलान ।  तर पनि मान्छे थाकेन, साँच्चैको विमान बनाएर साँच्चैको आकाशमा उडिछाड्यो ।

धर्ममा 'शास्त्रानुसार ईश्वरले यसो भनेका छन' भनेपछि भ्याइयो । ईश्वरले भनिसकेपछि फेरि आफूले सोचिराख्नु परेन, जे भनेका छन त्यही गरे भयो । विज्ञानमा कोही पनि सर्वज्ञ हुँदैन, अन्तिम सत्य भन्ने कुरा पनि केही छैन । एउटा वैज्ञानिकले निकालेको निष्कर्षलाई प्रयोग र परीक्षणका आधारमा अर्को वैज्ञानिकले गलत सिद्ध गर्न वा थपघट गर्न सक्छ । कार्य कारण सम्बन्धको प्रामाणिक तार्किकतामा अडेको हुनाले विज्ञानमा मेरै कुरा ठिक भन्ने जिद्दी हुँदैन । आफूले सिद्ध गरेको तथ्यमाथि थप खोज गरेर वैज्ञानिक आधारमा अर्को वैज्ञानिकले अर्कै तथ्य पत्ता लगायो भने पहिलो वैज्ञानिकले आफुले हारेको सम्झँदैन, विज्ञान एक स्टेप माथि गएको सम्झन्छ । दोस्रो वैज्ञानिकले फलानालाई जितेँ भनेर घमण्ड पनि गर्दैन । विज्ञान हार्ने चिजै होइन ।

अहिले पनि विज्ञान हारेको होइन, पुँजीवादी चिन्तन र चरित्रजन्य व्यवस्थापन हारेको हो । यस सन्दर्भमा हार्वर्ड विश्वविद्यालयका प्रोफेसरद्वय रिचर्ड लेवोन्टिन र रिचर्ड लेविन्सद्वारा लिखित पुस्तक 'मुनाफाको जकडमा विज्ञान'मा उल्लेखित विचार निकै सान्दर्भिक छ– 'विज्ञान एकातिर हजारौँ वर्षको मानव ज्ञानको क्रमबद्ध विकास हो, अर्कोतिर यो पुँजीवादी ज्ञान उद्योगको विशेष उत्पादनको तरह मालमा बदलिएर गएको छ । यसैको नतिजा हो, सम्पूर्ण वैज्ञानिक उद्यमको निरन्तर बढ्दो अतार्किकताको साथ साथै प्रयोगशाला र शोध परियोजनाको स्तरमा लगातार परिष्कृत गर्दै लगिएको एक विचित्र र विषम विकास । यो दोहोरो प्रकृतिले हामीलाई अन्तर्दृष्टि र अन्धोपन तथा ज्ञान र अज्ञानको एउटा बनावट प्रदान गर्दछ, जो प्रकृतिको आदेश होइन । यस प्रकार यसले मानवजाति सामु विद्यमान ठूलो समस्याको अगाडि हामीलाई लाचार छाडिदिन्छ ।'

पुराना रोगहरू फर्केर आउने र नयाँ रोगहरू उदाउने सम्भावना सदैव रहिरहने तथ्यउपर मुनाफामा मोहान्ध पुँजीवादले आँखा चिम्ल्यो । विफर उन्मुलन भयो, क्षय रोगको सम्भावना घटेर गयो र मलेरिया तथा पोलियोजस्ता रोगहरू पनि जितिएको ठहर्‍यायो । बितेका केही दशकमा युरोप र उत्तर अमेरिकामा संक्रामक रोगजन्य मृत्युमा उल्लेख्य गिरावट आएको आँकलन गरियो । र त्यसैका आधारमा सैद्धान्तिक रूपमा संक्रामक रोगहरूको महामारीको सम्भावना प्रायः समाप्त भएको निष्कर्ष निकालियो । चिकित्सा क्षेत्रका विद्यार्थीहरूलाई संक्रामक रोग विशेषज्ञ हुनबाट बच्ने सल्लाह दिइयो । मृतप्रायः मानिएको संक्रामक रोगका लागि विशेषज्ञ हुनु आवश्यक भएन । यही गलत निष्कर्षको परिणाम हो वर्तमान कोरोना भाइरस संक्रमणको दुर्दशा ।

समाज, जनसङ्ख्या, भूउपयोग र वातावरणमा आउने ठुलठुला परिवर्तनसँगै नयाँ रोगहरू महामारीका रूपमा देखा परेका सन्दर्भ इतिहासमा प्रशस्त पाइन्छन । प्लेग, एड्स, मलेरिया लगायतका रोगहरू यिनै परिवर्तनका क्रममा उत्पन्न भएका हुन । मानव स्वास्थ्य केवल स्वास्थ्यसित मात्रै सम्बन्धित छैन, समग्र मानवतासित सम्बन्धित छ । समग्र मानवता समग्र जीवमण्डलसित र जीवमण्डल पर्यावरणसित सम्बन्धित छ । पुँजीवादसित यो समग्रतालाई हेर्ने, बुझ्ने र संवोधन गर्ने संयमित अन्तरदृष्टि छैन । तसर्थ यो सिङ्गो मानवता कुलमानसिँह भण्डारीको त्यो चित्रमा जस्तो अस्वस्थ छ, जुन चित्रमा समग्र मानवजातिको प्रतीकको रूपमा एउटा खिन्न मानव पृथ्वीमा बसिरहेको छ, उसको एउटा खुट्टो हात्तीपाइले रोगले सुन्निएर केराको थामजत्रो भएको छ भने अर्को खुट्टो सुकेनास रोगले सुकेर मुरलीजस्तो भएको छ । एकातिर अति सञ्चयको रोग छ, अर्कातिर अति अभावको रोग छ । यो असमान वितरणमा आधारित पुँजीवादजन्य मानवताको चित्र हो ।

संसारको राज्यसत्ता कब्जा गरेको अगुवा पङ्क्तिले प्रकृतिसित मिलेर पृथ्वीमा अस्तित्व भएका सम्पूर्ण प्राणी र वनस्पतिहरूको समेत अभिभावकत्व लिनु पथ्यी । त्यसमा ऊ चुक्यो । मूलतः दुइटा गल्ती गर्‍यो–एक, प्रकृतिलाई जित्यौँ भनेर गुड्डी हाँक्यो । दुई, मान्छे मान्छे आपसमै काटमार गर्ने परिस्थिति सिर्जना गर्‍यो र मान्छे मार्ने शस्त्रास्त्र निर्माणको प्रतिस्पर्द्धामा ओहल्यी । विज्ञानको दुरूपयोग गर्‍यो ।

वास्तवमा मान्छेले कहिल्यै पनि प्रकृतिलाई जितेको थिएन । विज्ञानको वलले प्रकृतिमा अन्तरनिहित रहस्यहरूको उद्घाटन गरेको थियो । प्रकृतिसितै सूत्र लिएर प्रकृतिमै भएको शक्तिलाई आफ्नो उपयोगको लागि जगाएको थियो । त्यो शक्ति प्रकृतिकै विरुद्धमा प्रयोग हुनु भनेको भस्मासुरले आफ्नै थाप्लोमा हात राखेजस्तै हो । भस्मासुर सम्बन्धी मिथक यस्तो छ– शिवजीबाट आफूले जसको थाप्लोमा हात राख्यो ऊ मर्ने वरदान पाएको भस्मासुरले रूपसी पार्वतीलाई पत्नी बनाउने उद्देश्यले शिवजीकै शिरमा हात राख्न चाह्यो । बाँच्नका निम्ति भागाभागमा परेका शिवलाई बचाउन छद्म भेषमा आएका विष्णुले भस्मासुरलाई गँजडी शिवको वरदानले काम नगर्ने बताए र नपत्याए आफ्नै टाउकामा हात राखेर हेर्न उक्साए । टाउकामा हात राख्ने बित्तिकै भस्मासुर त्यही भस्म भयो ।

मानव, मानव भएकै विज्ञानको बलले हो । आवश्यकताजन्य श्रम र अभ्यासद्वारा चारखुट्टेबाट दुई खुट्टेमा बदलिएर जुन समयदेखि अघिल्ला दुई खुट्टालाई हातका रूपमा प्रयोग गर्न सिक्यो, त्यही समयदेखि मान्छे हतियारको युगमा प्रवेश गर्‍यो, उपकरणको युगमा प्रवेश गर्‍यो । खानका निमित्त पशु पन्छीले झैँ खाद्य वस्तुमा लगेर मुख जोत्न परेन । हातले टिपेर खान सक्ने भयो । हातका माध्यमले अन्य हतियार पनि खोज्न र प्रयोग गर्न थाल्यो । आज मात्रै होइन, विज्ञान हजारौँ वर्षदेखि मान्छेको साथमा छ । धानको एक एक दाना कोट्याएर चामल बनाउनु पर्ने युगमा ढिकीको आविष्कार पनि सानो आविष्कार थिएन । अनाज पिस्नलाई जाँतो र पानीघट्टको आविष्कारको महत्ता सानो थिएन । दुई हातको प्रयोग गर्न थालेदेखि ढुङ्गाको हतियार र आगाको उपयोग हुँदै अनेकन खोजको श्रृङ्खलाबाट गुज्रिएर मात्रै मान्छे आजको उन्नत विज्ञानमा आइपुगेको हो ।

मानव, मानव भएकै विज्ञानको बलले हो। आवश्यकताजन्य श्रम र अभ्यासद्वारा चारखुट्टेबाट दुई खुट्टेमा बदलिएर जुन समयदेखि अघिल्ला दुई खुट्टालाई हातका रूपमा प्रयोग गर्न सिक्यो, त्यही समयदेखि मान्छे हतियारको युगमा प्रवेश गर्‍यो, उपकरणको युगमा प्रवेश गर्‍यो। खानका निमित्त पशु पन्छीले झैँ खाद्य वस्तुमा लगेर मुख जोत्न परेन। हातले टिपेर खान सक्ने भयो। हातका माध्यमले अन्य हतियार पनि खोज्न र प्रयोग गर्न थाल्यो। आज मात्रै होइन, विज्ञान हजारौँ वर्षदेखि मान्छेको साथमा छ। धानको एक एक दाना कोट्याएर चामल बनाउनु पर्ने युगमा ढिकीको आविष्कार पनि सानो आविष्कार थिएन। अनाज पिस्नलाई जाँतो र पानीघट्टको आविष्कारको महत्ता सानो थिएन। दुई हातको प्रयोग गर्न थालेदेखि ढुंगाको हतियार र आगाको उपयोग हुँदै अनेकन खोजको श्रृंखलाबाट गुज्रिएर मात्रै मान्छे आजको उन्नत विज्ञानमा आइपुगेको हो

तर विज्ञानमा यति ठूलो विकास भइसक्दा पनि संसार अहिले भद्रगोलमा चलेको छ । समग्र मानवतालाई सम्हाल्ने नेतृत्व छैन । त्यसकारण मानवता रक्षाको निमित्त एकीकृत र व्यवस्थित योजना छैन । त्यसकारण उत्पादन र वितरणमा असन्तुलन छ । कम नाफा हुने हुनाले मानवजीवनका अत्यावश्यक चिजहरूको उत्पादनमा न्यूनता र धेरै नाफा दिने उत्पादनहरूमा आधिक्य छ । पुँजीवादले वन्यजीवनमा पशुहरूमा लागु हुने जीवनचर्यालाई मानव समाजमा लागु गरेको छ– 'सक्ने बाँच्ने, नसक्ने मर्ने ।' अनि यसैलाई प्रकृतिको नियम भनिदिएको छ । आफ्नो अकूत सञ्चय र फलतः अरूको दीन हीन अवस्थालाई न्यायोचित सिद्ध गर्न असमानताले भरिएको प्रणालीलाई विकास नामको भाष्यमा डुबाइदिएको छ, कराहीको खरिएको तेलमा पाकेर उत्रिरहेको जेरीलाई चिनीको चास्नीमा डुबाएझैँ । बाघले मृग मार्नु र मान्छेले मान्छे मार्नु कसरी एउटै कुरा हुन्छ ? वनको व्यवस्था पशुले बनाएको होइन । समाज व्यवस्था मान्छेले बनाएको हो । पशुले वन्य व्यवस्था बदल्न सक्तैन । मान्छेले समाज व्यवस्था बदल्न सक्छ ।

विज्ञानको पनि सामाजिक भूमिका हुन्छ–रचनात्मक वा ध्वंसात्मक । मानिसहरूको दुःख कम गर्ने महत्वपूर्ण सहयोगीका रूपमा समाजमा आएको विज्ञान रचनात्मक विज्ञान हो । मानवहरूलाई मार्ने प्रयोजनका लागि हिरोसिमामा पड्केजस्तो विज्ञान ध्वंसात्मक विज्ञान हो । आजको विज्ञान राज्यसत्ता र अर्थजगत्सित पहिलेभन्दा निकै सशक्त ढङ्गले जोडिएको छ । विज्ञानको भूमिका लगानीकर्ताको नियतमा भर पर्छ ।

निरन्तर बदलिँदो दुनियाँ सधैँ टक्क यही अवस्थामा अडिइरहँदैन । विज्ञानलाई सराप्ने होइन, रचनात्मक भूमिकामा केन्द्रित गराउन प्रयत्न गरिनु पर्छ । विज्ञानको भूमिका बदलिनका लागि यो विश्वव्यस्था बदलिनु पर्छ ।

## कविता

# सरकारलाई खान देऊ


● लेखराम सापकोटा ●

*अब भोकले कोही मर्नु पर्दैन*
*घरमै बसेर टन्न खाऊ*
*रोजीरोजी खाऊ, छानीछानी खाऊ*
*सके किनेरै खाऊ, नसके मागेरै खाऊ*
*तर घरमै बस*
*बाहिर ननिस्क*
*किनकी देशमा लकडाउन छ ।*

*यतिबेला*
*लकडाउन उल्लंघन गर्न पाइन्न*
*आफ्नै घरमा बस*
*बाटोमा लखरलखर नहिँड*
*छिमेकीको घरमा फर्केर पनि नहेर*
*आँखा जुधे पनि कोरोना संक्रमण हुनसक्छ ।*
*तर सरकारलाई भने कर बुझाऊ*
*थाहा छ, तिम्रा सबै काम बन्द छन*
*यतिबेला उत्पादन पनि बन्द छन*
*पैसा आउने स्रोत पनि बन्द छन ।*
*बन्द छन भनेर पनि हामी कहाँ मान्छौं  र ?*
*रास्ट्रपति निवासको गलैंचा फेर्नुछ यहि बेला*
*मन्त्रीहरूलाई नयाँनयाँ गाडी किन्नुछ*
*जिमखाना पनि बनाउनु छ बालुवाटारमा*
*कोरोना संक्रमणको मौकामा खटिएका जनप्रतिनिधिलाई विशेष भत्ता खुवाउनु छ*
*ताल परे मेरै क्वाटरमा एउटा मसाज केन्द्र पनि खोल्नु छ ।*
*खानुछ हामी कमाउनिष्टले अझै अरबौँ*
*समृद्ध बन्नुछ यही मेसोमा*
*फलिफाप बनाउनु छ कोरोना महामारीलाई ।*
*प्यारा नागरिक*
*सन्दुकमा भएको पैसा अब त्यसरी नराख*
*मुसाले धुजाधुजा पार्नसक्छ*
*हराउन सक्छ, चोरिन सक्छ*
*पैसा नभए सरसापट गरेर भए पनि*
*कर बुझाउन भने आउ*
*सुरक्षाकर्मीले बाटोमा रोके भने*
*सरकारलाई कर बुझाउन हिँडेको भन्नू*
*पास मागेछन भने*
*त्यही पैसाको त्री पासझ देखाउनु*
*बिन्ती ! जनता कर तिर*
*जसरी भए पनि तिर*
*यो दुई तिहाइको अनुरोध हो*
*सरकार भोकै मर्नु भएन नि*
*तिमीलाई बचाउने त हामी छँदै छौं ।*


## वर्गदृष्टि र मूलबाटोको लागि लेख, रचना समाचार र विज्ञापन पठाउनेसम्बन्धी सूचना

१ लेख, रचना एक हजार (१,०००) शब्दमा नबढाइ, टाइप गरेर पत्रिकाको इमेलमार्फत पठाउन हुन अनुरोध गरिन्छ ।
२. समाचार पठाउँदा सकभर सम्बन्धित समाचार झल्कने फोटो अनिवार्य समावेश  गर्नुपर्ने छ ।
३. लेख, रचना पठाउँदा शनिबार बेलुकीसम्म उपलब्ध गराई सहयोग गर्नु हुन अनुरोध छ ।
४. समाचारको हकमा आइतबारको २ बजे अगाडि उपलब्ध गराइदिनु हुन अनुरोध छ ।
५. विज्ञापनमा हुन सक्ने गल्तीलाई रोक्न विज्ञापनदाताको सहमतिमा टाइप गरेर सूचना उपलब्ध गराउने ।
६. पत्रिका प्राप्त भइसकेपछि फोन, इमेल वा एसएमएस गरेर व्यवस्थापक वा सम्पादकलाई जानकारी गराइदिनु हुन अनुरोध छ ।
७. प्रत्येक अंकको भुक्तानी उक्त महिनाको अन्तमा उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

**सम्पर्क नाम र फोन नम्बर**
**प्रबन्ध निर्देशक: हुकुमबहादुर सिंह (९८५१०७६८६४)**
**सम्पादक: इन्द्र बहादुर राउत (९८५११३४८३०)**
**इमेल : bargadristi073@gmail.com**

कर्णाली प्रदेश संवाददाता– दिनेश बुढा (९८६८००५८२४)



## यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !

- www.moolbato.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- दाउन्ने साप्ताहिक
- स्थानीयपत्र साप्ताहिक
- छापामार साप्ताहिक
- नयाँ कोशी मासिक
- दायित्वबोध त्रैमासिक

## अमेरिकी...

नागरिकहरू गोरा जातीबाट उत्पीडित रहिआएका छन् । तिनीहरूमध्ये अधिकांश श्रमजीवि वर्गमा पर्दछन् । परिणाम स्वरूप उनीहरू वर्गीय शोषण र जातीय उत्पीडनका शिकार भएका छन् । अमेरिकामा अफ्रिकन मुलका काला जाति र खैरो रङ्गका हिस्पानिक जातिहरूमाथि दोस्रो दर्जाका नागरिकको व्यवहार गर्ने गरिन्छ । त्यहाँ वर्षेनी पुलिस हिरासतमा रहेका दर्जनौ अश्वेत जातिका मानिसहरूको गैरन्यायिक हत्या हुने गर्दछ । अमेरिका विश्वमा सबै भन्दा धेरै बन्दीहरू रहेको देश हो । अहिले त्यहाँ करीव २५ लाख भन्दा बढी बन्दीहरू रहेको अनुमान छ र ती मध्ये काला जातिका मानिसहरू ठूलो सङ्ख्यामा छन् । काला र हिस्पानिक गरी करीव २५ प्रतिशत जनसङ्ख्या ओगट्ने अमेरिकामा ६० प्रतिशतभन्दा बढी बन्दीहरू अश्वेत जातिका मानिस छन् । अहिले अमेरिकाका सडकहरूमा जुन पीडा, आक्रोश र विद्रोह अभिव्यक्त भएको छ, त्यो युगौं युगदेखि अश्वेत जातिले दोहोरो उत्पीडनका विरुद्ध गर्दै आएको प्रतिरोधको निरन्तरता हो ।

अहिलेको यो प्रतिरोध एकजना अफ्रिकी मुलका अमेरिकी नागरिक ४६ वर्षीय जर्ज फ्लोइडको पुलिस हिरासतमा भएको क्रुर, नृशंस तथा गैरकानुनी हत्यापछि विस्फोट भएको हो । नक्कली नोट दिएर विल तिरेको अभियोगमा अमेरिकाको मिनेपोलिसमा गिरफ्तार गरिएका र हतकडी लगाइएका उनलाई डेरेक चौभिन नाम गरेको एकजना पुलिसले अरु पुलिसको सहयोगमा भुईंमा पछारी घुँडाले घाँटीमा थिचेर हत्या गरेको थियो । उनको हत्याका विरुद्ध दर्ता गरिएको जाहेरीमा उनलाई ८ मिनेट ४६ सेकेण्ड सम्म घाँटी अँठ्याएर मारिएको थियो भन्ने कुरा उल्लेख गरिएकोछ । उनले 'मलाई सास फेर्न गाह्रो भयो' भनेर पुलिससंग वारंवार याचना गर्दा पनि उनलाई नछाडिएको भिडियो सामाजिक सञ्जालबाट सार्वजनिक भएपछि अमेरिकामा विद्रोह भडकिएको हो । त्यो विद्रोह अहिले पुरा अमेरिका भरि डढेलो बनेर फैलिएको छ । जर्ज फ्लोइड बेहोस भएको २ मिनेट ५६ सेकेण्ड पछिसम्म पनि उनको घाँटी थिचिराखिएको थियो भनेर विभिन्न पत्रपत्रिकाले समाचार प्रकाशन गरेका छन् । यस घटनाको वीभत्स दृश्य टीभीमा स्पस्टसंग देखाइएको थियो ।

अमेरिका कोभिड-१९का कारण गएको ३ महिनादेखि महामारीको केन्द्रविन्दु बनेको छ । यो लेख तयार पार्दासम्म अमेरिकामा मात्र १८ लाख भन्दा बढी मानिसहरू सङ्क्रमित भइसकेका छन् भने १ लाख ६ हजार भन्दा बढीको मृत्यु भएको छ । कोरोनाबाट प्रभावित हुनेहरूमा करीव तीन चौथाई सङ्ख्या अश्वेतहरूको छ । सरकारी तथ्याङ्क अनुसार कोरोनाका कारण अमेरिकामा ४ करोड भन्दा बढी मानिसहरू बेरोजगार बनेका छन् । वेरोजगार हुनेहरूमा अधिकाँश ती नै काला जातिका मानिसहरू पर्दछन् । अहिले कोरोनाको आतङ्क, रोजगारी गुमेको पीडा र भोकमरीको छटपटीका बीचमा उत्पीडित काला जातिमाथि अमेरिकी राज्यबाट अर्को आक्रमण थपिएको छ । यद्यपि नश्लीय उत्पीडनको कोभिड-१९संग त्यस्तो कुनै प्रत्यक्ष सम्बन्ध छैन, तर पनि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प जसरी महामारीका सन्दर्भमा केही मानिसहरूको जीवनको मुल्यमा पुरा अर्थतन्त्रको बलिदान गर्न सकिन्न भनेर जनताका विरुद्ध उभिए त्यसबाट अमेरिकी जनतामा ट्रम्पका विरुद्धको आक्रोस निकै चुलिंदै गएको थियो । यो पृष्ठभुमिमा भएको जर्ज फ्लोइडको हत्याले अमेरिकी जनताको आक्रोशलाई एउटा विस्फोटमा बदलिदिएको छ ।

जर्ज फ्लोइडको हत्या भएपछि पनि ट्रम्पले स्थितिलाई सम्हाल्न चाहेको भए शायद जन आक्रोस नियन्त्रण बाहिर नजान सक्थ्यो । तर उनी आफै गोरा जातीय अहङ्कारले ग्रस्त व्यक्तिगत नाफा-नोक्सानको हिसाव गर्ने एकजना खुँखार व्यापारी भएको हुनाले उनले त्यसो गर्न सक्दैनथे । त्यो घटनामा अमेरिकी पुलिस फोर्सबाट गल्ती भएको महसुस गर्नुको सट्टा उनले त्यो घटनालाई काला जातिमाथि गोरा जातिको विजयका रूपमा लिए । फलतः उनले विद्रोह भडकिएपछि पनि अमेरिकी सेनाको बलमा त्यसलाई कुल्चिने धम्की दिए । त्यस पछि विद्रोह अरु दन्कियो । यति बेला अमेरिकामा जुन विद्रोह भडकिएको छ, त्यसलाई १९६८मा भएको नश्लीय उत्पीडन विरोधि अभियन्ता मार्टिन लुथर किङ्गो हत्या भएपछि भडकिएको विद्रोहसंग तुलना गरिएको छ । अहिलेसम्म आउँदा त्यहाँ ४ हजार भन्दा बढी प्रदर्शनकारीहरू गिरफ्तार भएका छन् र ठुलो सङ्ख्यामा घाइते भएका छन् ।

अहिलेको अमेरिकी जनताको विद्रोहलाई एन्टिफा (एन्टी फासीस्ट) विद्रोह भन्ने गरिएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो टेलिभिजन सन्देशमा विद्रोहीहरूलाई अपराधिको संज्ञा दिएका छन् । त्यति मात्र होइन उनले एन्टिफालाई 'अराजक र उग्रवामपन्थी अतिवादीहरूको समुह र आतङ्ककारीहरूको संगठन' भनेर सम्बोधन गरी त्यसलाई प्रतिवन्धित गर्नु पर्ने र सेना परिचालन गरेर ठीक ठाउँमा ल्याउनु पर्ने उद्धोष गरेका छन् । यो विद्रोहलाई लिएर अमेरिकी राष्ट्रपति जसरी प्रस्तुत भए त्यसले विद्रोहको आगोमा घिउ थप्ने काम गरेको छ । अर्कोतिर, उनको भनाइले यो विद्रोहलाई कुनै वामपन्थी समुहले नेतृत्व गरेको छ कि भन्ने आभाष समेत दिएको छ । तर, यसका पछाडि कुन वामपन्थी सङ्ठनको हात छ र ट्रम्पले कुन सङ्गठन तर्फ सङ्केत गरेका हुन् भन्ने कुरा भने अहिलेसम्म खुल्न आएको छैन । यो विद्रोहले अहिले पुरै अमेरिका ढाकेको छ ।

यो विद्रोह देशभरी विस्तार हुँदै जाँदा यसको प्रभाव विश्वका विभिन्न देशहरूमा पनि देखिन थालेको छ । यसप्रति ऐक्यबद्धता जाहेर गर्दै वेलायतको लण्डनमा विशाल जुलुस निस्किएको छ । फ्रान्सको जातिवाद विरोधि सङ्ठनले वक्तव्य निकालेको छ र त्यहा जनताले अमेरिकी विद्रोहसंग ऐक्यवद्धता जाहेर गरी पेरिसमा प्रदर्शन समेत गरेका छन् । यसका अतिरिक्त, न्यु जिल्याण्ड, क्यानडा, जर्मनी, ब्राजिल लगायत थुप्रै देशहरूमा गोरा जातिको नश्लवादका विरुद्ध काला जातिले चलाएको न्यायपूर्ण आन्दोलनमा ऐक्यवद्धता दर्शाएका छन् । यो क्रम बढ्दो छ । क्यानाडामा त प्रदर्शनकारी र पुलिसहरूका बीचमा झडप समेत भएको छ । जे होस्, जर्ज फ्लोइडको हत्याका विरुद्ध भडकिएको जनविद्रोह अहिले अन्तर्राष्ट्रिय मुद्दा बनेको छ ।

यतिवेला अमेरिकाले कोभिड-१९को आक्रमण, वढ्दो वेरोजगारी तथा गहिरिंदो आर्थिक सङ्कटका बीचमा देशव्यापी विद्रोहको सामना गरिराखेको छ । कतिपय समाज शास्त्रीहरूले यसलाई अमेरिकाको इतिहासमा विरलै देखिने परिघटनाका रूपमा व्याख्या गरेका छन् । अर्कोतिर, आगामी नोभेम्बरमा अमेरिकामा राष्ट्रपतिको निर्वाचन पनि हुन गइराखेको छ । स्वभावतः यी मुद्दा आउने निर्वाचनका अहम मुद्दा बन्ने छन् । अमेरिकी समाजमा गोरा जातिको बाहुल्य रहेको छ र तिनीहरू अत्यन्त नश्लवादी छन् । ट्रम्पको त कुरै छाडौं, राष्ट्रपतिका अर्का उमेदवार डेमोक्रेटिक पार्टीका नेता जो विडेन पनि चुनावको बेला नश्लवाद विरोधि आन्दोलनप्रति सहानुभुति दर्शाएर गोरा मतदाताहरूलाई चिढाउन चाहँदैनन् । यसरी वर्तमान परिवेशमा लुटपाट र आतङ्कलाई नियन्त्रण गर्ने नाममा ट्रम्प प्रशासनले सेना परिचालन गरेर अमेरिकामा नरसंहार मच्चाउने संभावना बढेर गएको छ । अमेरिकाका कुनै पनि कथित मानव अधिकारबादी सङ्गठनहरूले यो हत्याको विरुद्धमा नबोल्नुले पनि यो संभावनालाई बल दिन्छ ।

जे होस, अमेरिका एउटा प्रजातान्त्रिक मुलुक हो, त्यहाँ मानव अधिकारको रक्षा हुन्छ, त्यो त कलियुगको स्वर्ग हो र त्यहाँका जनता निकै सुखी छन् भन्ने जुन भ्रम उत्पीडित देशका जनतामा पर्ने गरेको थियो त्यसलाई कोरोना नियन्त्रणका क्रममा देखिएको अमेरिकाको निरीहता र जर्ज फ्लोइडको नृशंस हत्याले एक धक्कामा सफा गरिदिएको छ । एउटा संयोग नै भन्नु पर्छ, माथिल्लो र तल्लो जातका कारणले पश्चिम रुकुमको चौरजारीमा प्रेम विवाहका विरुद्ध जुन विभत्स हत्याको घटना घट्यो, अमेरिकामा जर्ज फ्लोइडका विरुद्ध घटेको त्यो भन्दा पनि क्रुर, अमानवीय, नृशंस र गैरकानुनी हत्याले नेपाललाई माथ गरेको छ र अमेरिकाको प्रजातन्त्र र त्यहाँको मानवाधिकार कस्तो रहेछ भन्ने कुरा सबैका सामु छर्लङ्ग देखाइ दिएको छ ।

अहिले अमेरिकामा भएको विद्रोह कुनै क्रान्तिकारी पार्टीको नेतृत्वमा भएको योजनावद्ध र क्रान्तिकारी विद्रोह होइन । यो न्यायपूर्ण तर स्वतस्फुर्त विद्रोह हो । त्यसकारण यो विद्रोहबाट अमेरिकामा ठुलो राजनीतिक परिवर्तन भइहाल्छ भन्ने ठान्नु हुँदैन, अहिले नै त्यो संभव छैन । तर, यो घटनाले देशलाई तीव्र ध्रुवीकरण गराउने छ र क्रान्तिकारीहरू गोलवन्द हुँदै जाने छन् । यसले आफुलाई आर्थिक र सैन्य सहित सबै हिसावले महाशक्ति ठान्ने साम्राज्यवादी देश अमेरिका भित्रभित्रै कति धेरै मक्किइ सकेको छ र त्यहाँ अन्तरविरोधहरू कति विस्फोटक बन्दै गएका छन् भन्ने कुरा प्रस्ट गर्दछ । यो सबैले अमेरिका जस्ता विकसित साम्राज्यवादी देशहरूमा पनि सर्वहारा समाजवादी क्रान्तिका लागि वस्तुगत परिस्थिति अनुकुल बन्दै गएको छ भन्ने देखाउँछ । *जेठ २०, २०२०*

## माओवादी...

नयाँ अवस्थाअनुसार नयाँ किसिमले क्रान्तिकारी केन्द्र निर्माण गर्नुपर्छ भनेर क्रान्तिकारीहरूले लामो समयदेखि पहल गर्दै आइरहेका छन । गत वर्षको मे दिवसको समयमा घोषणा गरिएको नयाँ पहलअनुसार यो वर्षको आरम्भमा क्रान्तिकारीहरूको युरोपमा जमघट भएको थियो । त्यसमा सहभागी हुन सक्नेले सहभागिता जनाएका थिए भने कतिपयले लिखित रूपमा आफ्ना धारणा राखेका थिए ।

सो जमघटमा नयाँ केन्द्र बनाउने कुरामा विमति नभए पनि केही कुरामा विमति थियो । पेरू र गोन्जालो सन्दर्भ, इतिहासको मल्याङ्कन, दीर्घकालीन जनयुद्ध लगायतका विषयलाई लिएर केही फरक बुझाइहरू थिए र छन । त्यसैले गर्दा यताका वर्षहरूमा ब्राजिललगायतका ल्याटिन अमेरिकी मुलुकहरूले मे दिवसमा अलग्गै वक्तव्य प्रकाशित गर्ने गरेका छन । कसरी साझा बिन्दुमा पुग्ने, कसरी मे दिवसमा एउटै साझा वक्तव्य प्रकाशित गर्ने र कसरी नयाँ केन्द्रलाई साकार रूप दिने भन्ने कुरामा साझा चिन्ता रहनु स्वाभाविक छ ।

सो भेलासम्बन्धी सम्पूर्ण दस्ताबेज र लिखित तथा मौखिक धारणाहरूलाई समेटेर 'माओइस्ट रोड' को पछिल्लो अङ्क मे दिवसमा हस्ताक्षर गर्ने पार्ूटी तथा मोर्चासम्म पुगेको छ । यसको शीर्षक नै 'इन्टर्नल डिबेट विदिन द इन्टर्नेस्नल कम्युनिस्ट मुभमेन्ट' राखिएको छ । भेलामा कसकसको सहभागिता रह्यो, कुन पार्टी सहभागी हुन सके र कुनकुन पार्टीले लिखित धारणा पठाए, ती के-कस्ता छन, तथा भेलाले गरेको ठोस निर्णयहरू सार्वजनिक गर्ने भन्दा आन्तरिक अध्ययनको विषय भएकोछ र पार्ूटीभित्र आध्यन गर्न सकिने छ । भेला उत्साहजनक भएको र एउटा ठोस निष्कर्षका साथ अगाडि बढ्न दिशाबोध भएको कुरा भेलाको निष्कर्ष रहेको छ ।

सो योजनामा नेपालका तर्फबाट नेकपा (क्रान्तिकारी माओवादी) र कम्युनिस्ट न्युक्लिअस, नेपाल रहेका छन् ।

## संयुक्त...

घटनाको विरोध र दोषी उपर कडाभन्दा कडा कानुनी कारवाहीको माग गर्दै आज पनि माइतीघरमा विरोध सभा सम्पन्न गरेको छ । विरोध कार्यक्रममा ऐक्यबद्धता जनाउन पुगेका नेकपा (क्रान्तिकारी माओवादी) निकट जबस र मोर्चाका नेताहरूले विरोध सभालाई सम्बोधन गरेका छन् ।

विरोध सभालाई क्रान्तिकारी युवा लिग नेपालका अध्यक्ष अमीर महर्जन, अखिल नेपाल महिला संघ (क्रान्तिकारी)का महासचिव शारदा महत, अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेल र अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका केन्द्रीय सचिवालय सदस्य एवं ३ नम्बर प्रदेश संयोजक अर्जुनलाल श्रेष्ठले सम्बोधन गरेको क्रान्तिकारी ट्रेड यूनियन महासंघका महासचिव बसन्त बोगटीले जानकारी दिए । सम्बोधनको क्रममा नेताहरूले कथित अभिजात वर्गले जातीय विभेदको आधारमा गराएको बर्बर र नरसंहारकारी घटनाको घोर विरोध गर्दै घटनाको सत्य तथ्य छानबिन गरी दोषी उपर कडा कारबाहीको माग गरे । कार्यक्रम माइतीघर मण्डलामा भएको थियो ।

## १०७....

सबै प्रगतिशील तथा न्यायप्रेमी शक्ति एवं सङ्गठनहरूसँग हार्दिक अपिल पनि गर्दछौं ।'

वक्तव्यमा भनिएको छ, 'केही दिनअघि पश्चिम रुकुमको चौरजहारीमा उच्च जातीय उन्मादीहरूले गरेको जातीय नरसंहारको घटना नेपाली समाज मात्रको नभई मानवताविरुद्धकै अपराध हो । अन्तर्जातीय प्रेमलाई अपराध घोषित गरेर जातीय श्रेष्ठताका दम्भमा नवराज बि.क. लगायत ६ जना युवाहरूको क्रूरतापूर्वक गरिएको उक्त हत्याकाण्डको हामी घोर निन्दा र भर्त्सना गर्दछौं । तर यो केवल निन्दा र भर्त्सना व्यक्त गरेर पुग्ने विषय र घटनासन्दर्भ होइन । उच्च जातीय दलनलगायत सम्पूर्ण खाले उत्पीडनका विरुद्ध दसौं वर्षको जनयुद्धको महाअभियान सञ्चालन भएको र गणतन्त्रको चरणमा समाज प्रवेश गरेको वर्तमान परिवेशमा कथित उच्च जातीय युवतीसँग कुनै दलित मानिएको युवकले प्रेम गरेवापत सामूहिक रूपमा बर्बर हत्या गरिनुले उच्च जातीय अहङ्कारको क्रूरता अहिले पनि समाजमा सक्रिय एवं सशक्त रहेको तथा राज्यका कानुन र शासनसंयन्त्र निरर्थक रहेको पुष्टि गर्दछ । उच्च जातीय अहङ्कारको यो चेतना तथा यसलाई सम्बल प्रदान गर्ने राज्यसंयन्त्रका साथै जातीय विभेदमा आधारित सामाजिक सांस्कृतिक संरचनाको समूल अन्त्य नभएसम्म यस्ता कृत्यको अन्त्य सम्भव छैन र त्यसका लागि सशक्त क्रान्तिकारी आन्दोलनको खाँचो झन् टड्कारो भएको छ । यस क्रममा, यति बेला भने रुकुम घटनाको निष्पक्ष छानबिन गरी त्यसका अपराधीहरूलाई विद्यमान कानुनकै मातहत पनि हदैसम्मको कार्वाही र दण्डको व्यवस्थाका लागि हामी राज्यसँग जोडदार माग गर्दछौं र समाजका जातीय विभेदविरोधी चेतना राख्ने सबै तह र तप्काका नागरिकहरूले एक स्वरमा यसका लागि राज्यमाथि चौतर्फी दबाव सिर्जना गर्न आह्वान पनि गर्दछौं । यस घटनाले वर्तमान राज्यको चरित्र र उत्पीडित जाति, वर्ग र समुदायका लागि राज्यविहीनताको स्थितिलाई पनि उदाङ्गो पारेको छ भन्ने हाम्रो ठहर छ । त्यसैले आम न्यायप्रेमी जनसमुदायको सजगता र निरन्तरको दबाबका अभावमा अपराधीहरू संरक्षित रहने र उन्मुक्ति पाउने प्रबल सम्भावना भएकाले हामी देशव्यापी सजगता र प्रतिरोधी अभियान सञ्चालनका लागि सबै प्रगतिशील तथा न्यायप्रेमी शक्ति एवं सङ्गठनहरूसँग हार्दिक अपिल पनि गर्दछौं ।'

वक्तव्य जारी गर्नेहरूमा १. निनु चापागाईं, २. प्रा. डा. जगदीशचन्द्र भण्डारी, ३. रोशन जनकपुरी, ४. आहुति, ५. इस्माली, ६. घनश्याम शर्मा पौडेल, ७. नवीन विभास, ८. प्रा. डा. नन्दीश अधिकारी, ९. हीरामणि दुःखी, १०. खेम थपलिया, ११. प्रा. डा. भवानी पाण्डे, १२. डा. रामप्रसाद ज्ञवाली, १३. युग पाठक, १४. मित्रलाल पंज्ञानी, १५. विष्णु भण्डारी, १६. राजु स्याङ्तान, १७. विनोदविक्रम के. सी., १८. सङ्गीत स्रोता, १९. बलराम तिमिल्सिना, २०. शरद् पौडेल, २१. तक्मा के. सी., २२. डा. कृष्णराजअधिकारी , २३. डा. सुकुम शर्मा, २४. परशुराम कोइराला, २५. नुमराज बराल, २६. पोषराज पौडेल, २७. भीम रानाभाट, २८. सीता शर्मा, २९. गौरी दाहाल, ३०. शोभा दुलाल, ३१. बन्दना ढकाल, ३२. यादवराज उपाध्याय, ३३. प्रा.डा. ताराकान्त पाण्डेय, ३४. मोदनाथ मरहट्टा, ३५. रविकिरण निर्जीव, ३६. ईश्वरी ओझा, ३७. देवेन्द्र लम्साल, ३८. अनिल श्रेष्ठ, ३९. राजेश बान्तवा, ४०. हुकुमबहादुर सिंह, ४१. राजेन्द्र पौडेल, ४२. कल्पना चिलुवाल, ४३. सिर्जना ढकाल, ४४. उमेश आचार्य, ४५. कृष्णहरि भट्ट, ४६. डा. विदुर वस्ती, ४७. प्रा. श्रीधर अधिकारी, ४८. प्रभात सापकोटा, ४९. पञ्चकुमारी परियार, ५०. विष्णु न्यौपाने, ५१. वसन्त बोगटी, ५२. सुनिता बुढाथोकी, ५३.चन्द्रा थानी, ५४. कुमार थापा, ५६. चित्रनारायण थारू, ५७. नारायण मरासिनी, ५८. रामराज रेग्मी, ५९. खगेश्वर भण्डारी, ६०. छायादत्त न्यौपाने, ६१. कमल निओल, ६२. लोकराज रेग्मी, ६३. पूर्णबहादुर अधिकारी, ६४. ईश्वरी गुरागाई, ६५. इन्दिरा अधिकारी, ६६. विष्णु नेम्बाङ्, ६७. खोमा तरामुमगर, ६८. कला अनुरागी, ६९. शकुन्तला जोशी, ७०. विकास लुङ्गेली, ७१. काजी गाउँले, ७२. शैलज पौडेल, ७३.राजेन्द्र घायल, ७४. अर्जुन ढकाल, ७५. धनेश्वर पोखरेल, ७७ कुमार मरहट्टा, ७८. नारायण परिश्रमी, ७९. शीला योगी, ८०. होमनाथ पाठक, ८१. प्रकाश खनाल, ८२. नारायण नेपाल, ८३. आकाश अधिकारी, ८४. श्यामकृष्ण खुलीमुली, ८५. शान्ति लुङ्गेली, ८६. रोशन लामा, ८७. नारायण बास्तोला, ८८.गोपाल खनाल,८९. चिन्तु गिरी, ९०. बिपी विद्रोही, ९१. लोकनाथ पुडासैनी, ९२. रेशम पराजित, ९३. शोभाकान्त गौडेल, ९४. अजीत क्षेत्री, ९५. दुर्गाकिकरण तिवारी, ९६. दुर्गाप्रसाद ढकाल, ९७. हिमलाल पराजुली, ९८. शम्भु अर्याल, ९९. मिलन समीर, १००. सूरज उपाध्याय, १०१. स्ट्रगल राना, १०२. जनार्दन वियोगी, १०३. महादेव पोखरेल, १०४. च्याङ तमु, १०५. लोकनाथ पुडासैनी, १०६. प्रभा मरहट्टा, १०७. हेमराज आश्रम (पुन) लगायत रहेका छन् ।

## एमसीसी...

गर, जनता के चाहन्छ( स्वाधीनता र समानता, राष्ट्रिय स्वाधीनताको रक्षा गरौं, दलाल ओली सरकार मुर्दावाद लगायत नाराहरूसहित गरिएको विरोध प्रदर्शनमा सयौ जबस मोर्चाका नेता कार्यकर्ताहरूको उपस्थिति रहेको थियो ।

माइतीघर मण्डलामा गरिएको विरोध प्रदर्शनका क्रममा कोणसभा समेत सम्पन्न भएको छ । कोणसभालाई अखिल नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष डा.ओम गुरुङ, अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी)का अध्यक्ष सीताराम तामाङ, नेपाल राष्ट्रिय प्राध्यापक संगठनका अध्यक्ष प्रा.डा. जगदीश चन्द्र भण्डारी, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका अध्यक्ष ईश्वर तिमिल्सना, क्रान्तिकारी युवा लिगका अध्यक्ष अमीर महर्जन, अनेमसंघ (क्रान्तिकारी)कि महासचिव शारदा महत, अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेल लगायतका नेताहरूले सम्बोधन गरेका थिए ।

क्रान्तिकारी ट्रेड युनियन महासंघका महासचिव वसन्त बोगटीले सञ्चालन गरेको कोणसभामा वक्ताहरूले एमसीसी संसदबाट पास गरिए नेपाल अमेरिकी साम्राज्यवादको रणमैदानमा परिणत हुने र नेपालको सार्वभौमिकतामाथि गम्भीर आँच आउने भन्दै एमसीसी खारेज गर्नुपर्ने धारणा व्यक्त गरेका थिए ।

## अमेरिकाका...

गएको मई २५, २०२० का दिन संयुक्त राज्य अमेरिकाको मिनिएपोलिस शहरमा एकजना अश्वेत जातिका व्यक्ति जर्ज फ्लोयडको प्रहरी हिरासतमा भएको अत्यन्त अमानवीय, क्रुर र गैरन्यायिक हत्याप्रति हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ । अमेरिकामा ऐतिहासिक कालदेखि नै जातिवादको समस्याले जरा गाडेको छ र त्यहाँ अश्वेत जातिका मानिसहरू गोरा जातिबाट अत्यन्तै उत्पीडित रहिआएका छन् । अहिले घटेको उक्त घटना त्यही उच्च जातीय अहङ्कारवादको चरम अभिव्यक्ति हो । हाम्रो पार्टी सामान्यतः गोराहरूको उच्च जातीय अहङ्कारवाद र विशेषतः यस विभत्स हत्याको घोर विरोध तथा भर्त्सना गर्दछ ।

यतिवेला अमेरिकामा त्यहाँका अश्वेत जातिका मानिसहरूले उक्त हत्याको विरुद्ध देशव्यापी विरोध प्रदर्शन गरिरहेका छन् । तर शान्तिपूर्ण आन्दोलन मार्फत् त्यहाँका जनताले उठाएका न्यायपूर्ण मागहरूको उचित सम्बोधन गर्नुको साटो राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी सेनालाई खटाएर आन्दोलनको दमन गर्ने धम्की दिइराखेका छन् । यस स्थितिमा त्यहाँको जातीय समस्यालाई राजनीतिक तरिकाले समाधान गर्न हाम्रो पार्टीले अमेरिकी सरकारसंग जोडदार माग गर्दछ र उत्पीडित अश्वेत जातिले चलाउँदै आएको न्यायपूर्ण आन्दोलनप्रति ऐक्यवद्धता जाहेर गर्दछ ।

*जेठ १२, २०७७*
*किरण*
*महासचिव*
*नेकपा (क्रान्तिकारी माओवादी)*


**रोयल बुईपा A/C जम्बो हाईस**
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०

गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।



आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**खोटाङ यातायात प्रा.लि.**
काठमाडौंबाट- **हलेसी,**
ऐसेलुखर्क, बाक्सीला, भोजपुर, ओखलढुंगा, सोलु जानु परेमा हामीलाई सम्झनुहोस् ।

सम्पर्क–
कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०
चाबहिल- ९८५१२४५६८०
दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

